Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २४, २०७९ साल पुस २६ गते मंगलबार (Jan 10, 2023)

www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।**

**जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।**

**सम्पर्क: ४१६७५७८ (बागबजार)**

**मोबाइल: ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com

# प्रधानमन्त्री दाहालले आज विश्वासको मत लिदै

**मोहन कार्की**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज विश्वासको मत लिदैछन् । उनले नेकपा एमाले, माओवादी केन्द्र, स्वतन्त्र पार्टी नेपाल, राप्रपा, जसपा,जनमत, नागरिक उन्मुक्ति लगयतका पार्टीहरु र स्वतन्त्रवाट संसद बनेका प्रभु शाह,अमरेस कुमार सिंहको समर्थनमा पुष १० गते प्रधानमन्त्री भएका थिय । बहुमत पुर्‍याउन २७५ मध्य १३८ सीट संख्या पुर्‍याई विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर १६५ संसद सख्या समर्थन गर्नेहरुवाट नै पुगिसकेकोछ, अन्य पार्टीहरुले समेत समर्थन गर्ने सम्भावना कामयै रहेको नेकपा माओवादी केन्द्रका नेताहरुको भनाई आएको छ । उनिहरुको भनाईलाई आधार मान्ने हो भने भारी विश्वासको मत लिई पुष्पकमल दाहाल प्रचण्ड सदनवाट प्रधानमन्त्री कायम रहनेछन् ।



नेपाली काँग्रेसले समेत विश्वासको मत दिनसक्ने

नेपाली काग्रेसको मिति: २०७९ पौष २५ गते बसेको वैठकले नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिने संकेत गरेको छ । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको भनाई अनुसार "वैठकमा विश्वासको मत दिइएर जानुपर्छ भन्ने एक खालको भनाई आएको र अर्को पक्षको भनाई विश्वासको मत दिनुहुदैन भन्ने दुवै खालका भनाई आएको हुनाले पार्टीका सभापति तथा नेतृत्वको दृष्टिकोणमा भर पर्ने कुरा हो भनेका छन्" वरिष्ठ नेता रामचन्द्र पौडेलको भनाई यसरी वाहिर आउनु र निर्वाचन अगडी गठबन्धन गरेर माओवादी केन्द्रले नेपाली काँग्रेसलाई गुण लगाएको हुदा माओवादी केन्द्रका अध्यक्ष प्रधानमन्त्री हुदा नेपाली काँग्रेसले विश्वासको मत दिनसक्ने आकलन गर्न थालिएको छ ।

आज दिउसो बस्ने प्रतिनिधिसभाको वैठकले विश्वासको मत लिई नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल शक्तिशाली प्रधानमन्त्रीको रुपमा रहनेछन् । उनलाई सरकार साझेदार उपप्रधानमन्त्रीहरुले साथ दिनेछन् । भने सरकार सम्मिलित दलहरुको साझा कार्यक्रमका संयोजक पुर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले साथ दिनेछन् ।

त्यसको अलवा नेपालको राजनीतिमा तराई केन्द्रीत दलहरुले वेला वेलामा विभिन्न माग राखि गर्ने बन्द, हड्ताल,अवरोध गर्नेहरु समेत सरकारमा सहभागी भएको हुनाले प्रचण्ड नेतृत्वको सरकारमा तराईमा कुनैपनि अवाञ्छित गतिविधि हुने छैनन् ।

देशमा स्थाईत्व शान्ति र विकासको वातावरण बन्नसक्ने आशा गरिएको छ ।

# पृथ्वी जयन्ती पुस २७ गते सार्वजनिक बिदा दिने सरकारको निर्णय

काठमाडौं । सरकारले पृथ्वी जयन्तीको दिन यही पुस २७ गते सार्वजनिक बिदा दिने भएको छ । मन्त्रिपरिषद्को बैठकले २७ पुसमा सार्वजनिक बिदा दिने निर्णय गरेको विना विभागीयमन्त्री राजेन्द्र राईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मन्त्रिपरिषद्ले आज दुई वटा निर्णय गरेको छ, एउटा पृथ्वी जयन्तीको अवसरमा पुस २७ मा सार्वजनिक बिदा दिने र अर्को सरकारको न्यूनतम कार्यक्रम मन्त्रिपरिषद्बाट पास गर्ने र कार्यान्वयन गर्ने निर्णय गरेको छ ।" सत्ता साझेदार दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राख्दै आएको मागलाई सम्बोधन गर्दै सरकारले २७ पुसमा बिदा दिने निर्णय गरेको हो । सार्वजनिक गरिएको सत्ता साझेदार दलहरूको न्यूनतम साझा कार्यक्रममा पनि २७ पुसमा सार्वजनिक बिदा दिने उल्लेख छ । सरकारको न्यूनतम साझा कार्यक्रमलाई आजको मन्त्रिपरिषद् बैठकले पारित गरेको छ । बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्तीको अवसरमा विगतमा नेपालमा सार्वजनिक बिदा दिने प्रचलन रहेको थियो । तर २०६२/६३ को जनआन्दोलनपछि बिदा दिन छाडिएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई समर्थन गरिसकेको राप्रपाले न्यूनतम् साझा कार्यक्रम, कम्तीमा तीन मन्त्रालय र पृथ्वीजयन्तीलाई राष्ट्रिय दिवसका रूपमा मनाउनुपर्ने माग गर्दै आएको थियो ।



# एसियन पेट्स म्याद गुज्रिएका रङगका वट्टामा नयाँ लेवल लगाउदै-बेच्दै

**चन्द्र कमल आचार्य**

काठमाडौ । बहुराष्ट्रिय कम्पनीवाट सञ्चालन भएको नेपालमा रङको उत्पादन वितरण गरिरहेको




यसियन पेट्सले म्याद नाघेका रङगको वट्टामा नयाँ लेवलिङ गरेर बेच्ने गरेको जानकारी प्राप्त भएको छ । गएको बर्षहरुमा नै समय गुग्रीसकेका रङका वट्टाहरुमा पुरानो लेवल उप्काएर नयाँ लेवल लगाई ग्रहकलाई गुणस्तरहीन सामान बिक्री गरेर ठगि गरिहेको जानकारी प्राप्त भएको छ ।

यो भन्दा अगाडी पनि कार्तिक १९ गते बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनका क्रममा छापा मार्दै जादा यसियन पेन्ट्सको काठमाडौंको सतुंगल र ललितपुरको बालकुमारी स्थित गोदाममा राखिएका करिब एक करोड २० लाख रुपैयाँ मूल्य बराबरका रङ विभागले पाँचवटा गाडीमा राखेर बबरमहलस्थित कार्यालयमा ल्याएको थियो । गोदाममा आठ हजार बट्टा रङग म्याद नाघेका भेटिएको थियो । उक्त म्याद नाघेका वट्टाहरुलाई विभागले नियन्त्रणमा लियर ०७५ ऐन अर्न्तगत कारवाही पनि गरेको थियो । उक्त वट्टाहरु प्रक्रिया पुर्‍यायर नष्ट गर्न नपाउदै पुन: अरु पनि धेरै म्याद नाघेका टिनका वट्टाका पुरानो लेवल उप्कायर नयाँ लेवल लगाउने काम गोप्य रुपमा भईरहेको त्यस यसियन पेन्ट्समा कार्यरत कर्मचरीले नाम नवताउने सर्तमा जानकारी गराएका हुन् । यसरी अवैद्य रुपमा कारोवर गरिरहेको र नेपाली बाँकी ६ पृष्ठमा

# निलगंगा हाइड्रोपावरको सार्वजनिक सुनुवाई स्थानियद्धारा बहिष्कार

काठमाडौ । निलगंगा हाइड्रोपावर कम्पनी प्रा .लि.को सार्वजनिक सुनुवाई स्थगित भएको छ । रामेछाप र दोलखाको सिमाना हुदै खहरे , बुकुनी, गर्जाङ हुदै बग्ने खिम्ति घ्वाङ खोलामा निर्माण हुन लागेको निलगंगा हाइड्रोपावर कम्पनीको सार्वजनिक सुनुवाई बुधबार स्थानियले बहिष्कार गरेपछि स्थगित भएको हो । ९ मेगावाटको जलविद्युत उत्पादनको लागी गैर जिम्मेवार व्यतिको उपस्थिति र हिमालयउर्जा विकास कम्पनी लिमिटेडको रोवहरमा सार्वजिक सुनुवाई हुने भनी मंगलबार सुचना प्रकाशन गरिएको र केही सिमित व्यक्तिमा मात्र गोप्य रुपमा सार्वजनिक सुनुवाई गर्न लाग्दा स्थानियहरूले विरोध जनाएपछि सुनुवाई स्थगित भएको स्थानिय श्याम कुमार कार्कीले जानकारी दिनु भयो । हिमालय उर्जा कम्पनी र निलगंगा हाइड्रोपावर कम्पनीको सञ्चालक बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# उद्योग खोल्ने सरकार चाहियो

नेपालमा सरकार परिवर्तन त धेरै भएका छन् । ब्यवस्था पनि परिवर्तन भएका छन् । तर जनताको अवस्था कहिल्यै फेरिएको छैन । बरु उल्टै परिवर्तनका नाममा उद्योग, कलकारखानाहरु बन्द भएका छन् । अहिले सरकार परिवर्तन भएको छ । आवधिक निर्वाचन पछि नयाँ सरकार गठन भएको छ । यो सरकारले विगतका सरकारले भन्दा छुट्टै तरिकावाट उद्योग, कलकारखानाहरु खोलेर नेपालका दैनिक हजारौ युवाहरु विदेश गईराखेका छन् । ति युवाहरुलाई नेपालमा नै रोजगार सृर्जना गरी नेपालमा नै सम्भावना छ भन्ने विश्वासिलो वातावरण बनाउन सक्नु पर्दछ र सवैलाई रोजगार सृर्जना गर्न सक्नुपर्छ ।

राणाकालीन अवस्था र महेन्द्रकालीन शासनकाल वाहेक नेपालमा आफ्नो उद्योग, कलकारखाना, वैज्ञानिक उत्पादन, गरेर नेपालमा नै युवाहरुको लागि रोगजार सृर्जना गर्न सकिन्छ भन्ने सरकार बनेको छैन । मात्र सरकारमा जाने पदमा बस्ने र भत्ता खाने सानमानका साथ देश विदेश घुम्ने साना भन्दा साना कार्यक्रमहरुमा उद्घाटन गर्ने रिवन काट्ने भन्दा अन्य काम गर्न सकेका छैनन् । अपवादमा कुनै राम्रा काम भएका छन् ।

सदावहार सधै सवै देशभरीका जनतालाई आफ्नै गाउँघरमा रोजगार सृर्जना गर्नेगरी ठाउँ विशेष हेरी त्याहा के सम्भव छ । त्यही कुराहरुको विकास गरेर उद्योगहरु खोल्ने काम थालिहाल्ने सरकार नेपाली जनताले खोजेका छन् ।

यस्तो नेतृत्व गर्न सक्ने सरकार अहिलेको बन्न सकोस भनेर जनताले आशा पनि गरेका छन् । कुनैवेला पुलपुलेसामा विकासको मुल फुटाउन भनेर गीत गाउने मजदुर, किसान, भरियाको गीत गाउने सर्वहारको मुक्तिको लागि काशन लगाउने पार्टी नेकपा माओवादी थियो आज नाम अलिकति फरक भएपनि मनिसहरु तिनै हुन नेतृत्व उनै प्रचण्डले गर्दैछन् र प्रधानमन्त्री पनि भएका छन् ।

देशभरी रहेका मजदुर,किसान, ज्यामी, भरियाको हित र उन्नति चाहाने सरकार चहियो । त्यो चाहना मात्र राखेर हुदैन उद्योग, कलकारखाना, खोलेर समय अनुसार आर्थिक आम्दानी गर्ने आधुनिक प्रविधिको विकास पनि आवश्यक छ । यस्तो काम गर्न सक्ने सरकार जनताको हितमा काम गर्ने, जनताको सुखःदुखःमा साथ दिने एकजना जनतालाई परेको समस्या पनि देशको समस्या हो भनेर ठान्ने जवाफदेही, जन उत्तरदायी सरकार नेपालले खोजेको युगौ भईसक्यो तर ब्यवहारमा कुनैपनि नेतृत्वले यस्तो कामहरु गरेनन् । अहिलेको सरकारले यस्तो काम गरोस् भन्ने रहेको छ ।

त्यसैले कहिलेकाही समय र परिस्थितिले गर्न नसकेको भएपनि अवका दिनमा उद्योग, कलकारखाना, र बजारको ब्यवस्थापन गर्न सक्ने क्षमता भएको सरकार नेपाली जनताले खोजेका छन् । नेपाली जनताले पुनः अर्को विकल्प खोज्न नपर्ने गरी नेपालीहरुलाई रोजगार दिन उद्योग, कलकारखाना खोल्न सक्ने क्षमता भएको सरकार चाहेका छन् । त्यो चाहना पुरा गर्ने वर्तमान सरकारलाई अवसर पनि हो । यस्तो अवसरहरु धेरै मानिसहरुलाई आएको थियो तर गर्न सकेनन् । त्यसमध्यको एक मानिसले गरेको खण्डमा युगयुगौसम्म रहने इतिहास बन्ने छ । यस्तो इतिहास बनाउन चुक्नु हुदैन । त्यसैले नेपालीहरुको एउटै आवाज नेपालमा उद्योग खोल्ने सरकार चाहियो भन्ने नेपालीहरुको चाहना सम्बोधन होस् ।

# नागरिकको संलग्नता र मूल प्रवाहीकरण

**श्यामप्रसाद मैनाली**

लोकतन्त्रले जनतालाई देशको शासन प्रक्रियामा समावेश गर्न सक्नुपर्छ । लोकतन्त्रको सुदृढीकरण र स्वीकार्यता जनताबाट प्राप्त हुने मान्यतामा निर्भर गर्दछ । आजको विश्व जनतालाई नै केन्द्रबिन्दुमा राखी लोकतान्त्रिक शासन गरिरहेको छ । नागरिक संलग्नताको विषय सापेक्षिक भएकाले यो अमूक देशको परिस्थितिअनुसार यसको अर्थ र उपयोग पनि पृथक् हुने गर्दछ । जनपरिचालन र संलग्नताका सम्बन्धमा शासकीय शक्ति र अधिकारको विकेन्द्रीकरण, पारदर्शिता, लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन, नागरिक समाजको क्रियाशीलता, विकासका प्राथमिकताका क्षेत्र, जवाफदेहीता आदिलाई यसको आधारस्तम्भका रूपमा लिने गरिएको छ । जनताको संलग्नतालाई मूर्तरूप दिनेगरी कानुनी ढाँचा, देशले निर्धारण गरेको नीतिहरू र विभिन्न कार्यक्रम जनमैत्री हिसाबले कार्यान्वयनमा लगिएको हुनुपर्छ ।

स्थानीय स्तरमा हुने जुनसुकै विकास निर्माणका कार्यमा जनतालाई संलग्न गराउने कानुनी व्यवस्था र संरचनात्मक प्रबन्ध औपचारिक रूपमा मिलाई सोहीअनुरूप कुनै सम्झौता नगरी कार्यान्वयनमा लगिएको हुनुपर्छ । नागरिकको अर्थ र परिभाषा कहिलेकाहीं अमूक देशका नागरिकलाई मात्र सम्बोधन गर्नेगरी संकुचन गरेको अवस्था पनि देख्न सकिन्छ । तर, यसमा त्यस देशका नागरिक, आप्रवासीहरू र शरणार्थीसमेत समेट्नुपर्छ । यो मानवीय विषय हो, विश्वको जुनसुकै स्थानमा रहेका मानव जगतलाई मानवोचित व्यवहार गर्दै उनीहरूलाई अधिकार सम्पन्न बनाउनुपर्छ । त्यसैले नागरिक संलग्नताको विषय राष्ट्रिय सिमानाभन्दा बाहिर गई मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई आत्मसात् गरेको हुनुपर्छ । अर्को शब्दमा, सबै देशवासीहरू (नागरिकहरू, आप्रवासीहरू र शरणार्थीहरू) सबैलाई राष्ट्र निर्माणको प्रक्रियामा मूलप्रवाही करण गर्दै अधिकार सम्पन्न बनाउनुपर्ने मान्यता राखिन्छ । यसको मुख्य लक्ष्य नै सेवाप्रवाहमा उल्लेख्य सुधार ल्याउनु हो । स्थानीय तहमा रहेका सर्वसाधारण जनताले उनीहरूका नाममा सञ्चालनमा ल्याइएका सेवालाई स्वीकार मात्र गरेर बस्ने होइन आफ्ना आवश्यकताको पहिचान गरी सोहीअनुरूपका योजना, आयोजना र कार्यक्रम तय गरी आफ्नै संलग्नतामा कार्यान्वयनमा लैजाने र यसरी कार्यान्वयनमा जाँदै गर्दा सेवा प्रदायकहरू, संलग्न भएका विभिन्न निकायहरू एवं पदाधिकारीको अनुगमन र नियमन गरी सेवाको गुणस्तरको पहिचान गरी त्यसलाई सुधार गर्न गराउन लागिपर्नुपर्छ । आवश्यक परे दबाबसमेत दिन तत्पर हुनुपर्छ । यसका लागि जनताहरू अधिकार सम्पन्न हुनैपर्छ । त्यसैले नागरिक शब्दलाई उपयोगकर्ता, प्रयोगकर्ता, राज्यबाट उपलब्ध सेवाको छनोटकर्ता, आफ्ना लागि आवश्यक जनप्रतिनिधिको निर्वाचनकर्ता एवं कानुनी अधिकारको अभ्यासकर्ता आदिका हिसाबले सुविधा प्राप्त गर्ने समूहका रूपमा लिनुपर्छ ।

स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यमा जनतालाई संलग्न गराउने कानुनी व्यवस्था र संरचनात्मक प्रबन्ध औपचारिक रूपमा मिलाई बिनासम्झौता कार्यान्वयनमा लगिनुपर्छ

यथार्थतामा नागरिकलाई राष्ट्र निर्माण प्रक्रियामा मूलप्रवाहीकरण गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सबै प्रकारका अधिकार निर्वाधरूपमा उपयोग गर्ने अवस्थाको सिर्जना गर्नु नै नागरिक संलग्नता हो । यसरी नागरिकलाई अधिकारले सुसज्जित बनाई औपचारिक संरचना र कानुनद्वारा सुसज्जित बनाउने मात्र होइन अनौपचारिक अदालत जस्तै स्थानीय मामिला'दयगत स्थानीय तहमा नै उपयुक्त र शीघ्र न्याय दिने परिपाटीको निरन्तरताका साथै सरकारभन्दा बाहिर रहेका विभिन्न प्रकारका सामाजिक संस्थाको प्रभावकारी परिचालन हुनु जरूरी छ । गुणस्तरयुक्त नागरिक संलग्नताको प्रत्याभूतिका लागि स्थानीय स्तरका औपचारिक र अनौपचारिक संरचना एवं सर्वसाधारण जनताको राज्यशक्तिसँग सिधा सम्पर्क स्थापित हुनुका साथै प्रभावित गर्नसक्ने अवस्थामा राखिँदा मात्र यसले मूर्तरूप लिन सक्दछ । त्यसैले नागरिक संलग्नताको विषय अत्यन्त जटिल र पेचिलो बन्दै गएको छ । नागरिकलाई सहभागिता मात्र बनाउने होइन, उनीहरू संलग्न भएका क्षेत्रका सम्बन्धमा जवाफदेहीता बहन गर्नैपर्ने बाध्यात्मक व्यवस्था कानुनतः सिर्जना गर्नुपर्छ । देशको राजनीतिक अवस्था, राज्य र समाजेबीच औपचारिक र अनौपचारिक सम्बन्ध, सामाजिक र आर्थिक असमानताको स्थिति, नागरिक समाजको क्षमता र क्रियाशीलता, अन्तर्राष्ट्रिय स्तरको राजनीतिक र आर्थिक पक्षमा परिरहेको प्रभाव, निर्णय र नीति निर्माणमा जनताले पार्नसक्ने प्रभाव, गरिब र सीमान्तकृत जनताको आवाज मुखरित हुने स्थिति, जनविरोधका कार्यक्रमको गम्भीरतापूर्वक सम्बोधन, राज्यले प्रदान गरेका मञ्चहरू, विधायन, गैसस, सामाजिक अभियन्ताको सक्रियता, समानान्तर सरकारी संयन्त्रको निर्माण र प्रयोग, अनौपचारिक क्रियाकलाप आदिको समुच्च प्रभावकारी परिचालन, उपयोग र जनतालाई सम्मानपूर्वक परिचालित मात्र होइन, अधिकार सम्पन्न बनाई नागरिक नै जवाफदेही हुने विधिसम्मत व्यवस्था प्रस्टरूपमा मिलाइनुपर्छ ।

जसले गर्दा यदि जवाफदेहीता बहन नगर्ने परिस्थिति निर्माण भएमा जनस्तरबाटै पुनः दबाब दिने र ठीक अवस्था वा मार्गमा हिंडाउने व्यवस्था गर्न सकियोस् । आफ्ना कर्तव्यबाट दिग्भ्रमित र विचलित भएकालाई जनताबाटै दण्डित हुने परिस्थिति साथै कानुनी हिसाबले नियन्त्रण गर्न पनि जनता सबल हुनुपर्छ । त्यसैले आधुनिक लोकतन्त्र प्रतिनिधिमूलक मात्र हुँदैन यदि यसैमा सीमित हुन पुगेमा लोकतन्त्र नै अपूर्ण बन्दछ । आधुनिक लोकतन्त्रमा समावेशी र सहभागीतामूलक चरित्र हुनैपर्छ भन्ने आत्मसात् विश्वका प्रायः सबै लोकतान्त्रिक समाजमा मान्यता प्राप्त गरिरहेको छ । यस्तो जवाफदेहीतालाई प्रभावकारी बनाउने केही सर्वमान्य सर्तहरू आधुनिक विश्वले प्रयोगमा ल्याइरहेको छ ।

अबको सहभागितामा संस्थागत प्रबन्धको विकल्प हुन सक्दैन । राज्यका संरचनामा स्थानीय तहका जनतालाई अधिकार सम्पन्न बनाई कार्य गर्न कानुनी मान्यता प्राप्त संस्थागत हैसियत कायम गरिनुपर्छ । अनौपचारिक घोषणा र वक्तव्यबाजीबाट अर्थपूर्ण नागरिक संलग्नताको सम्भावना अत्यन्त कमजोर हुन्छ । आवधिक निर्वाचनद्वारा जनताप्रति निष्ठावान नबन्ने प्रतिनिधिलाई विस्थापित गर्न वा प्रत्याह्वान गर्नसक्ने सशक्त अधिकार जनतामा निहित हुनुपर्छ । यसको प्रयोग विकसित देशमा निरपेक्ष लोकतन्त्र वा निर्वाचित अवधिअघि नै प्रतिनिधिको कार्य सन्तोषजनक नभएमा प्रत्याह्वान गर्नसक्ने व्यवस्थासमेत प्रयोगमा आइरहेको छ । राज्य संयन्त्र उपयुक्त हिसाबले अघि नबढेमा त्यसको सशक्त प्रतिवाद, प्रतिरोध र विरोध गर्ने, सडकमा प्रदर्शन गरी दबाब सिर्जना गर्ने अधिकार हुनुपर्छ ।

सञ्चारजगत् अत्यन्त सबल, निष्पक्ष, खोजमूलक, जिम्मेवार र प्रभावकारी हुनुपर्छ । सत्यतथ्य समाचार सम्प्रेषण गर्न प्रोत्साहित हुने वातावरण राज्यले निर्माण गर्नुपर्छ । पितपत्रकारिताबाट ग्रसित सञ्चार माध्यमका सञ्चालकलाई शीघ्र कडाभन्दा कडा कारबाही गरिनुपर्छ । यस सम्बन्धमा विभिन्न लोकतान्त्रिक देशमा संस्था खारेज गर्नेदेखि कडा कारावासको सजाय दिनेसम्मको व्यवस्था मिलाइएको छ । यस्तो जवाफदेहीताको बहन जनमुखी संरचना, संस्था र मञ्चले राजनीतिक र सामाजिक दुवै प्रकारको जवाफदेहीता बहन गर्नुपर्छ । यसरी जवाफदेहीता बहन गराउँदा कुन क्षेत्र कमजोर र सबल देखियो भन्ने विषय उल्लिखित पहलकदमीका आयाम र स्तर, जवाफ दिने बाध्यात्मक परिस्थितिको सिर्जना, उत्तरदायित्व बहन गर्ने अवस्था, कार्यान्वयनको प्रभावकारिताको अवस्थाका आधारमा निक्र्यौल गर्ने वस्तुगत आधारहरू तयार पारिएको हुन्छ । नागरिकलाई संलग्न गराउँदै अघि बढ्ने प्रक्रिया सहज देखिँदैन । परिवर्तनका वाहकमा थोरै मात्र क्रियाशीलता कम हुँदा यो प्रभावित बन्दछ । नागरिक समाजलगायत परिवर्तनका वाहकहरूले बोकेका मूल्य मान्यता, राजनीतिक आस्था, आदर्श, व्यक्तिगत महत्वाकांक्षा आदिका कारणले यो विषय नकारात्मक रूपमा प्रभावित भइरहेको दृष्टान्तहरू प्रशस्त मात्रामा सबै प्रकारका समाजमा देख्न सकिन्छ । स्थानीय तहमा क्रियाशीलता दिने यस्ता संस्था, समूह आदिमा नीतिनिर्माण गर्ने र निर्णय लिने समयमा प्रभाव पार्नसक्ने क्षमताको कमी पाइन्छ । प्रायः नागरिक समाजको प्रयोग अपवादबाहेक सबै प्रकारको समाजमा सरकार र जनताबीच मध्यमार्गी भूमिका निर्वाह गर्नुमा सीमित गरिएको हुन्छ । तर, नागरिक समाजले योभन्दा माथि उठी सशक्त भूमिका र जवाफदेहीता बहन गर्न सक्नुपर्ने हो । सोहीअनुरूप राज्यले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेमा यस प्रकारको अभ्यास बिरलै मात्र पाइएको छ । लोकतान्त्रिक व्यवस्थामा जनसहभागिता र संलग्नताको सुनिश्चितता उक्त देशले बोकेको राजनीतिक संस्कार र जनचेतनाको स्तरबाट निर्धारण हुने गरेको छ

नागरिक संलग्नताको विषय लोकतन्त्रमा आधारित हुने भएकाले साम्यवाद, तानासाहीतन्त्र, सर्वसत्तावाद अवलम्बन गरिएका देशमा यसको कल्पना गर्न सकिँदैन । लोकतान्त्रिक शासन व्यवस्था भएका देशमा पनि एकात्मक शासन र संघीय शासन व्यवस्था दुवैमा जनताको अत्यधिक सहभागिताको प्रत्याभूति गराएर जनतालाई सशक्त बनाएको देखिन्छ । यी दुवै लोकतान्त्रिक व्यवस्थामा जनसहभागिताको र संलग्नताको सुनिश्चितता हुन सक्दछ । तर, अमूक देशले बोकेको राजनीतिक संस्कार, जनचेतनाको स्तरबाट यसको निर्धारण हुने गरेको छ । यसलाई सुसञ्चालन गराउने सम्बन्धमा चारवटा प्रस्थान बिन्दुहरू जस्तै उपलब्ध सेवाको प्रकार र गुणस्तर'दयगत निरन्तररूपमा सूचना प्राप्त हुने व्यवस्था मिलाउने, जनताद्वारा सेवा प्रदायक निकाय र पदाधिकारीको नियन्त्रण र अनुगमनमा कुनै पनि प्रकारको समझदारी नगर्ने, जनताका गुनासालाई यथासमयमा सम्बोधन गर्ने र सेवाको गुणस्तरमा सुधार ल्याउने प्रयोजनका लागि गरिने विरोध कार्यक्रमका लागि राज्यले नै कानुनी मान्यता दिई प्रोत्साहित गर्नुपर्ने रहेका छन् । सारांशमा भन्नु पर्दा संघसंस्था खोल्ने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई संवैधानिक प्रत्याभूति प्रदान गर्ने, माग र आपूर्तिबीच सन्तुलन मिलाउने सम्बन्धमा राजनीतिक सक्षमता र क्रियाशीलताको प्रदर्शन व्यवहारमा नै हुनुपर्ने, कानुनी व्यवस्था एवं ढाँचा, राजनीतिक प्रतिनिधित्व र सरकारी संयन्त्रको समुचित व्यवस्था गर्दै जनताको क्रियाशीलता र क्षमताको विकास गर्नु अपरिहार्य छ । यी सबै व्यवस्था गर्ने क्रियाशीलता र उत्साह देशको लोकतान्त्रिक राजनीतिमा हुनु जरूरी छ । अन्यथा, नागरिक संलग्नताको विषय सिद्धान्तमा मात्र सीमित हुनेछ । नेपालमा स्थानीय स्वायत्त शासन ऐनले नागरिक संलग्नताको विषयलाई कानुनी र संरचनात्मक व्यवस्था मिलाई अभ्यास गरेकोमा व्यवहारमा यसको अनुभूति नागरिकले राम्ररी गर्न सकेनन् । संघीय शासन प्रणालीको अवलम्बन गरेर हाल नेपालले यसको संस्थागत विकास गर्ने प्रयास गरिरहेको छ । नागरिकको संलग्नता र प्रभावकारी परिचालनका लागि सवलीकरण, शसक्तीकरण र मूल प्रवाहीकरण हुनु जरूरी छ । नेपालमा चेतनाको अभावका कारण आधारभूत तह सवलीकरणसम्म पनि पूर्णरूपमा गर्न सकिएको छैन । संघीय शासन प्रणालीको कार्यान्वयनबाट सम्पूर्ण नागरिकलाई मूलप्रवाहीकरणको गन्तव्य निर्धारण गरेको छ । तर, तल्लो तहका सरकारमा रहनेहरूमा देखिएको क्षमताको विकास अपेक्षितरूपमा नहुनु, जनचेतनाको अभाव हुनु र संघीय सरकारले पर्याप्त मात्रामा सहजीकरण गर्न नसक्नुका कारण यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । संघीयताको उपयुक्त व्यवस्थापन गर्दै कार्यान्वयनमा जाँदा यो लक्ष्य हासिल हुन सक्ने स्थिति छ ।

**स्थानीय स्तरमा हुने जुनसुकै विकास निर्माणका कार्यमा जनतालाई संलग्न गराउने कानुनी ब्यवस्था र संरचनात्मक प्रबन्ध औपचारिक रूपमा मिलाई सोहीअनुरूप कुनै सम्झौता नगरी कार्यान्वयनमा लगिएको हुनुपर्छ । नागरिकको अर्थ र परिभाषा कहिलेकाहीं अमूक देशका नागरिकलाई मात्र सम्बोधन गर्नेगरी संकुचन गरेको अवस्था पनि देख्न सकिन्छ । तर, यसमा त्यस देशका नागरिक, आप्रवासीहरू र शरणार्थीसमेत समेट्नुपर्छ । यो मानवीय विषय हो, विश्वको जुनसुकै स्थानमा रहेका मानव जगतलाई मानवोचित ब्यवहार गर्दै उनीहरूलाई अधिकार सम्पन्न बनाउनुपर्छ । त्यसैले नागरिक संलग्नताको विषय राष्ट्रिय सिमानाभन्दा बाहिर गई मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई आत्मसात् गरेको हुनुपर्छ । अर्को शब्दमा, सबै देशवासीहरू (नागरिकहरू, आप्रवासीहरू र शरणार्थीहरू) सबैलाई राष्ट्र निर्माणको प्रक्रियामा मूलप्रवाही करण गर्दै अधिकार सम्पन्न बनाउनुपर्ने मान्यता राखिन्छ । यसको मुख्य लक्ष्य नै सेवाप्रवाहमा उल्लेख्य सुधार ल्याउनु हो । स्थानीय तहमा रहेका सर्वसाधारण जनताले उनीहरूका नाममा सञ्चालनमा ल्याइएका सेवालाई स्वीकार मात्र गरेर बस्ने होइन आफ्ना आवश्यकताको पहिचान गरी सोहीअनुरूपका योजना, आयोजना र कार्यक्रम तय गरी आफ्नै संलग्नतामा कार्यान्वयनमा लैजाने र यसरी कार्यान्वयनमा जाँदै गर्दा सेवा प्रदायकहरू, संलग्न भएका विभिन्न निकायहरू एवं पदाधिकारीको अनुगमन र नियमन गरी सेवाको गुणस्तरको पहिचान गरी त्यसलाई सुधार गर्न गराउन लागिपर्नुपर्छ । आवश्यक परे दबाबसमेत दिन तत्पर हुनुपर्छ ।**

# सन् २०२२ लाई आर्थिक दृष्टिले फर्केर हेर्दा

नरसागर श्रेष्ठ

आर्थिक वृद्धिको हिसाबले विगत २२ वर्षमा सन् २००१ र २०२० पछि गत वर्ष पनि एक प्रकारले निराशाजनक वर्ष साबित हुन पुग्यो । विश्वको सबैभन्दा ठूलो अर्थव्यवस्था अमेरिका मन्दी हुनबाट जोगिएको छ भने रूसमाथिको इन्धन निर्भरताले गर्दा युरोप र बेलायतको आर्थिक वृद्धि निकै कम भएको छ । चीनमा यो वर्ष शून्य कोभिड नीतिका कारण ३ प्रतिशतको हाराहारीमा मात्र आर्थिक वृद्धि हुन सकेको छ, जसले विश्वको आपूर्तिमा ठूलो नकारात्मक प्रभाव पारेको छ ।

गत वर्षको प्रारम्भमा विश्व अर्थव्यवस्था करिब ४ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको अन्तर्राष्ट्रिय मुद्राकोषले समेत त्यसलाई घटाएर २.७ प्रतिशतमा झारेको छ । रूसले युक्रेनमाथि गरेको आक्रमण नरोकिनु, विश्वभरि बढेको मुद्रास्फीति र विश्वका धेरै देशका केन्द्रीय बैंकहरूले मुद्रास्फीति नियन्त्रण गर्ने नाममा जुन ब्याजदर बढाएका छन्, त्यसले विश्वको आर्थिक वृद्धिदरमा कमी आएको छ । आईएमएफका कार्यकारी निर्देशकले त चीनको आर्थिक वृद्धि विगत ४० वर्षमा पहिलोपल्ट विश्व आर्थिक वृद्धिदरभन्दा कम रहेका जानकारी दिएकी छन् ।

यो वर्ष भारत एउटा उदीयमान देशको हिसाबले करिब ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गरी विश्वकै सबैभन्दा बढी आर्थिक वृद्धि हासिल गर्ने देशमा उभिन पुगेको छ । विश्वको कुल गार्हस्थ्य उत्पादनमा लगभग आधा योगदान पुऱ्याउने अमेरिका, युरोप र चीनमा गत वर्ष आर्थिक वृद्धिमा सुस्तता आएको हुनाले विश्वको आर्थिक वृद्धिदर यो वर्ष ३ प्रतिशतभन्दा कममा झरेको हो । गत वर्ष आँधीले गाउँ छोपेजस्तै चीन, जापान र अरू केही देश छाडेर विश्वका धेरै देशको औसत मूल्य वृद्धिदर १० प्रतिशतभन्दा माथि रह्यो, जुन अर्थशास्त्रको भाषामा कुँदेको मुद्रास्फीतिभित्र पर्छ । विगत ४० वर्षको आर्थिक इतिहासमा यतिका मूल्यवृद्धि विश्वले पहिलो पटक भोगेको छ । अमेरिकारको केन्द्रीय बैंकले हाच्छिउँ गर्दा अरू देशहरूको अर्थव्यवस्थालाई ज्वरो आउँछ भन्ने कुरा गत वर्ष सही साबित हुन पुगेको छ । शून्यजस्तो रहेको अमेरिकाको रिपो रेट अहिले बढेर झन्डै ४.५० प्रतिशत पुगेको छ ।

टर्कीबाहेक विश्वका धेरै देशका केन्द्रीय बैंकहरूले मुद्रस्फीति नियन्त्रण गर्न ब्याजदर बढाएका छन् । अन्तर्राष्ट्रिय मुद्राकोषले गत वर्ष विश्वभरि नै ८ प्रतिशतको मुद्रास्फीति हुने अनुमान गरेको थियो । चीन र जापानको मूल्य वृद्धिदर ५ प्रतिशतभन्दा कम देखिएको छ भने अर्जेन्टिना र टर्कीजस्ता देशहरूको मुद्रास्फीतिको दर ६० प्रतिशतभन्दा माथि छ । उतातिर अमेरिका र भारतमा नोभेम्बर महिनाको मूल्यवृद्धि क्रमशः ७.१ र ५.८ प्रतिशत रही राहतको सास फेरेको पाइन्छ ।

अमेरिकाको फेडले त आफ्नो देशको मुद्रास्फीतिको दर २ प्रतिशतमा राख्ने लक्ष्य नै लिएको पाइन्छ भने भारतको केन्द्रीय बैंकले पनि झन्डै ११ महिनापछि मुद्रास्फीतिको दर आफूले राखेको ६ प्रतिशतको लक्ष्यभन्दा कम रहेकोमा केही राहतको सास फेरेको पाइन्छ । युरोपियन युनियनका देशहरूले नोभेम्बर महिनामा १० प्रतिशतको उच्च मुद्रास्फीति भोग्नुपऱ्यो भने बेलायतले १०.७ प्रतिशतको मुद्रास्फीति भोग्नुपऱ्यो ।

नेपाल राष्ट्र बैंकले नेपालको कात्तिक महिनाको मूल्य वृद्धिदर ८ प्रतिशतभन्दा माथि रहेको विवरण अमेरिकाले कस्सिएको मौद्रिक नीति अपनाएका कारण २०२२ भरि नै अमेरिकी डलर सबैभन्दा बलियो मुद्राको रूपमा देखा पर्नु र अर्कातिर चीनको शून्य कोभिड नीतिका कारण चीनका धेरै सहरमा लकडाउन भएकाले विश्वको उत्पादनस्थल भनेर चिनिने चीनमा वस्तुहरूको उत्पादनमा कमी आएपछि विश्वको आपूर्ति व्यवस्था नराम्रोसँग प्रभावित भएको छ ।

कोभिड संक्रमणको लकडाउन, रूसले युक्रेनमाथि गरेको आक्रमण, अमेरिका, इयू र अस्ट्रेलियालगायतका देशहरूले रूसमाथि लगाएको आर्थिक नाकाबन्दी तथा चीनमा शून्य कोभिड नीतिका कारण भएको लकडाउन, एक दशकसम्म शून्यप्रायः रहेको पाश्चात्य देशहरूको रिपो दर अहिले बढेर साढे ४ प्रतिशत पुगेको छ र आगामी दिनहरूमा यो अरू बढ्नेछ । मूल्यवृद्धि घट्न समय लाग्ने भएकाले यो वर्ष पनि मुद्रास्फीतिको दरमा खासै कमी आउने देखिँदैन ।

बेलायती पाउन्ड, युरोपियन युरो र जापनिज येनको अमेरिकी डलरसँगको सटही दर अहिलेसम्मकै न्यूनतम बिन्दुमा झरेको थियो । आखिर विश्व नै मन्दीतर्फ उन्मुख भएको बेलामा अमेरिकी डलर बलियो हुँदै गएको छ । लगानीकर्ताहरूले डलरमा गरेको विश्वासलाई यसको कारण मान्न सकिन्छ । विगत ११ वर्षदेखि नै डलर अरू मुद्राको तुलनामा बलियो हुँदै गइरहेको थियो र विगत १५ महिनामा यो बलियो हुने गति अरू बढेको पाइन्छ । सन् २०२१ देखि डलरको मूल्य अरू विकसित र उदीयमान अर्थ व्यवस्थाहरूको मुद्राको तुलनामा झन्डै १० प्रतिशतले बढेको पाइन्छ । रूस र युक्रेनको युद्धका कारण खाद्यान्न, रासायनिक मल र अन्य कच्चा पदार्थहरूको आपूर्तिमा र मूल्यवृद्धिका कारण अन्तर्राष्ट्रिय मुद्राकोषले सार्वजनिक ऋणको भार वृद्धि हुने र त्यसमध्ये केहीले ऋण तिर्न सक्ने अवस्था नहुने भनी केही समय अगाडि गरेको प्रक्षेपण गत वर्ष सत्य साबित भएको छ ।

श्रीलंकामा त यो समस्याले विकराल रूप लिई राजनीतिक सत्ता नै परिवर्तन हुन पुग्यो भने पाकिस्तान, बंगलादेश र घानाजस्ता देशहरूमा लामो समयसम्म भुक्तानी सन्तुलन बिग्रेपछि आईएमएफसँग गुहार माग्न बाध्य हुनुपऱ्यो । गत वर्षको निराशाजनक र अँध्यारो अवस्थामा केही देशको आर्थिक अवस्थालाई आशालाग्दो अवस्थामा प्रस्तुत गर्न सकिन्छ ।

मोर्गान स्टान्लेका रुचिर शर्माका अनुसार भियतनाम, इन्डोनेसिया, भारत, ग्रिस, पोर्चुगल, साउदी अरेबिया र जापानजस्ता देशहरूको आर्थिक वृद्धि बलियो भएको छ । मुद्रास्फीतिको दर पनि मोडरेट भएको र सेयर बजारको प्रतिफल पनि सकारात्मक रहेकाले यी देशहरूको आर्थिक अवस्था त्यति बिग्रन पाएको देखिँदैन । अर्थशास्त्रीहरूले अहिलेको मुद्रास्फीतिलाई सन् १९८० को दशकसँग तुलना गरिरहेका छन् र बेलायतबाट प्रकाशित इकोनोमिस्ट पत्रिकाका अनुसार केन्द्रीय बैंकहरूले ब्याजदर बढाएर मात्र मूल्य नियन्त्रण नहुने र यसमा अरू नीति निर्माताहरूलाई पनि समावेश गर्नुपर्ने र यसले गर्दा मौद्रिक नीति तथा वित्तीय नीतिको सन्तुलित कार्यान्वयन र अर्थव्यवस्थाको संरचनागत सुधारले मात्र यो समस्याको समाधान निस्कन्छ भन्ने उनीहरूको राय भएको पाइन्छ ।

अहिलेको भारतको आर्थिक स्थितिले यही कुरा झल्काइरहेको छ । गत वर्षको विश्व आर्थिक परिदृश्यले यो वर्षको आर्थिक अवस्था पनि त्यति उत्साहप्रद नहुने निष्कर्ष धेरै अर्थविद्हरूले निकालेका छन् ।

## भावपुर्ण श्रद्धाञ्जली

जन्म मिति
२०२२/११/१२



स्वर्गारोहण
२०७९/०९/१३

**स्व. गोपिनी थापा**

**हाम्रा ममतामयी आमा, गोपिनी थापाको ५७ वर्षको उमेरमा अकल्पनिय स्वर्गारोहण भएकोले आज १३ औ पुण्य तिथिमा दिवगत आत्मको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै शोकको यस दुःखद घडीमा हामीप्रति सहानुभूति एंवम् संवेदना प्रकट गर्नुहुने सम्पुर्ण हाम्रा परिवार संघ, सस्था ईष्टमित्र तथा शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौ ।**

छोरा/बुहारी : रामकृष्ण थापा/सरिता भण्डारी
छोराः बाल कृष्ण थापा ।
छोरीहरुः
शुसिला थापा, जमुना थापा
भाईः कृष्ण बहादुर बस्नेत

# रामेछाप डायरी

## रामेछाप नगरपालिकामा वडास्तरीय बाल सञ्जाल गठन

रामेछाप । रामेछाप नगरपालिका अर्न्तगत बालमैत्री घोषणा गर्ने लक्ष्य अनुरुप वडास्तरीय बाल सञ्जाल गठन भएको छ । रामेछाप नगरपालिका वडा न.८ वडा अध्यक्ष तथा बाल मैत्रि वडा समितिका अध्यक्ष सन्तोष कुमार तामाङको अध्यक्षतामा एवं रामेछाप नगरपालिका महिला तथा बाल बालिका




शाखाका सरिता बुढाथोकि को प्रमुख आतिथ्यमा बाल मैत्रि स्थानिय शासन कार्यन्वयनका लागि शुस्मिता शाही को अध्यक्षमा १९ कार्य समिति केवलेश्वार वडा बाल सञ्जाल गठन कार्य सम्पन्न भएको छ। मिति २०७९ पौष २० गते रामेछाप नगारपालिकाको वडा न. ८ को वडास्तरीय बाल सञ्जालको गठन भएको हो। वडास्तरीय बाल सञ्जाल १९ सदसीय रहेको न्यायीक सहज कर्ता दुर्गा सुनुवारले जानकारी दिनुभएको हो।

समुदायस्तरवाट ३/४ जना विद्यालयस्तरमवाट पनि सोही संख्यामा छनौट भई आएका बालबालिकाहरुको भेलाले यस्तो वडास्तरको गठन गर्ने गर्छ भने सोही वडास्तरमा सवै वडामा बाल सञ्जाल गठन भएपछि पालिकास्तरको गठन हुन्छ। तिनै बाल संगठन पुर्ण रुपमा सञ्चालन भएपछि मात्र पालिका बालमैत्री नगरपालिका घोषणा हुन्छ। त्यसैले रामेछाप नगारपालिका चाडै नै बालमैत्री घोषणा हुन लागेको शुरुवातको रुपमा बाल सञ्जाल गठन अगाडी बढेको देखिन्छ।

## रामेछापमा यो बर्ष जुनार उत्पादन बढ्यो

रामेछाप । रामेछापको रामेछाप नगारपाकिला अर्न्तगतका वडाहरुमा जुनार यो वर्ष उत्पादन बढेको छ । गएका बर्षहरुमा जस्तै जुनारमा किरा नलागेको हुनाले जुनार खेतीमा बृद्धि भएको हो । जुनार उत्पानको मुख्य क्षेत्र मानिने रामेछाप नगरपालिकाको ओखेनी, गाईटार, सुकाजोर, रामपुर, हिमगंगा



लगायत स्थानमा किसानका बगैँचा जुनारले पँहेलपुर बनेपछि जुनार किन्ने र बगैँचा घुम्न पुग्नेहरू बढेका छन् । किसाहरु पनि खुशी भएका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन ईकाइ रामेछापको जुनार जोनको सहयोगमा ९० प्रतिशतभन्दा बढी रोग नियन्त्रण भएको किसानहरू बताउँछन्। जुनार उत्पादन क्षेत्रमा घुम्न पुगेका पर्यटहरूले पनि र ामेछापको पहिचानको रुपमा रहेको जुनार गुणस्तरीय र मीठो भएको प्रतिक्रिया दिने गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ रामेछापका प्रमुख थिरलाल गैरेले नर्सरी उत्पादनदेखि उत्पादित जुनारको बजारीकरणसम्मको योजना अघि सारेर काम भइरहेको र यसै वर्षदेखि रामेछापमा उत्पादित जुनारको ब्रान्डिङ, लेभलिङ र प्याकेजिङको काम सुरु गर्ने जानकारी दिनुभयो । यो वर्ष रामेछापमा करिब १५ हजार मेट्रिक टन जुनार उत्पादन हुने अपेक्षा गरिएको छ ।

## मन्थली नगरपालिकाको हिउँदे अधिवेशन सम्पन्न

रामेछाप । रामेछापको मन्थली नगरपालिकाले हिउँदे अधिवेशन सोमबार सम्पन्न गरेको छ। यो नगरपालिकाले जिल्लाका आठ स्थानीय तह मध्ये पहिलै चालु आर्थिक वर्षको अधिवेशन सकेको हो । नगरपालिकाको सभा हलमा एक भव्य कार्यक्रमको बिच आयोजित १२ औं नगर सभालाई सम्बोधन गर्दै नगर प्रमुख लब श्रेष्ठले नगरलाई विकसित बनाउन प्रविधिमैत्री बनाउन लागेको बताए । उनले नगरले हाल भुक्तानी प्रणालीलाई सहज बनाउन डिजिटल माध्यम (ईटीएफ) प्रणालीबाट अगाडि बढाएको, प्रत्येक वडामा अनलाइनबाटै सेवा भइरहेको जानकारी दिए । उनले नगरले भुक्तानी प्रणालीलाई अब (ईटीएफ) बाट गर्न थालेको जानकारी दिएका हुन् । त्यस्तै पूर्वाधार विकासका लागि नगरले १४ वटै वडामा ३७६ वटा योजना छुट्टिएको उल्लेख गर्दै १७५ वटा योजना मात्रै सम्झौता भएको जानकारी दिए । जस मध्ये ३६ वटा योजनाको कार्य सम्पन्न भएका छन्। भने, बाँकीको काम सुचारु अवस्थामा र हेको उल्लेख गरे । आफूहरू आएपछि नागरिकले गुनासो सुन्न टोल फ्री नम्बर सुरु गरेको, सेवालाई थप प्रभावकारी र पारदर्शी बनाउने व्यवस्था मिलाइएको, आवधिक योजना, नगर यातायात गुरु योजना, सङ्गठनात्मक र व्यवस्थापन सर्वेक्षण, बालमैत्री नगर स्थापनाको योजना लगायतको काम द्रुत गतिमा भइरहेको मेयर श्रेष्ठले उल्लेख गरे । चालु आर्थिक वर्षको ६ महिना सम्म नगरले जम्मा २७ प्रतिशत मात्रै बजेट खर्च गरेको नगरले एक अर्ब १३ करोड ५ लाख ४३ हजार ३४ रुपियाँ बजेटको खर्च गरेको हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



## एभरेष्ट बैंकले निष्कासन गर्यो १० वर्षे अवधिको ऋणपत्र

काठमाडौं । एभरेष्ट बैंक लिमिटेडले आजदेखि १० वर्षे अवधिको ऋणपत्र निष्काशन गरेको छ । बैंकले वार्षिक साढे ७ प्रतिशत ब्याजदर रहेको 'एभरेष्ट बैंक लिमिटेड उर्जा ऋणपत्र २०८९' नामको ऋणपत्र निष्काशन गरेको हो ।

यो ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक र दोस्रो अर्धवार्षिक समाप्त भएपश्चात कर कट्टा गरी भुक्तानी गरिनेछ । बैंकले




प्रति ऋणपत्र रू.१ हजार अंकित दरको रू.२ अर्ब बराबरको २० लाख कित्ता ऋणपत्र निष्काशन गरेको हो । कुल कित्ता ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात रू. १ अर्ब २० करोड बराबरको १२ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री गरिनेछ भने बाँकी ४० प्रतिशत अर्थात रू. ८० करोड बराबरको ८ लाख कित्ता सर्वसाधारणमा बिक्री गरिनेछ । सर्वसाधारणका लागि निष्काशन गरिने ऋणपत्रमध्ये पनि ५ प्रतिशत अर्थात ४० हजार कित्ता ऋणपत्र सामूहिक लगानी कोषहरुका लागि छुट्याइएको छ । यो ऋणपत्र खरीदका लागि न्यूनतम २५ कित्तादेखि अधिकतम सम्पूर्ण कित्तासम्म माग गर्न सकिने व्यवस्था छ । छिटोमा पुस २९ गतेसम्म विक्रीको मिति तय गरेको बैंकले सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने ढिलोमा माघ ९ गतेसम्म विक्री अवधि लम्बिनेछ । बैंकको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्बा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरुसँगै मेरो शेयर अनलाइनमार्फत पनि आवेदन दिन सकिनेछ । ऋणपत्र निष्काशनका लागि गराएको क्रेडिट रेटिङ्गमा केयर नेपालले बैंकलाई न्यून कर्जा जोखिम रहेको संकेत गर्ने केयर एनपी डबल ए माइनस रेटिङ्ग प्रदान गरेको छ ।

## सि.बि.आई.एल.क्यापिटलको अध्यक्ष नियुक्त

काठमाडौं । सि.बि.आई.एल.क्यापिटल प्रा. लिका संचालकहरुको पदअवधि समाप्त भई, संस्थाको विशेष साधारण सभाबाट नियुक्त हुनुभएका संचालकहरु मध्येबाट मुख्य कम्पनी सिटिजन्स बैंक ईन्टरनेशनल प्रा . लिको तर्फवाट मनोनित भई संस्थाको संचालक सदस्य रहनुभएका पारस कुमार काफ्ले अध्यक्ष पदमा मिति २०७९/०९/२४ गते बसेको १०५ औं संचालक समितिको



बैठकले यस संस्थाको अध्यक्षमा नियुक्ति गरेको छ । उक्त बैठकमा सिटिजन्स बैंक ईन्टरनेशनल प्रा. लि तर्फबाट अन्य संचालकहरु राजेन्द्र लाल श्रेष्ठ, प्रमेश राज कायस्थ, कर्मचारी संचय कोष तर्फबाट सुवास खड्काका साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत सबिर श्रेष्ठ तथा कम्पनी सचिव रमेश लुईटेलको उपस्थिति रहेको थियो । नेपाल धितोपत्र बोर्डबाट सामुहिक लगानी कोषको प्रर्वद्धन, धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक ,लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट), धितोपत्र प्रत्याभूति कर्ता (अण्डर राइटर) शेयर रजिष्ट्रार तथा डिम्याट खाता जस्ता लगानी कर्ताहरुसँग प्रत्यक्ष सरोकारका कामहरु गर्न अनुमति प्राप्त भएको सि.बि.आई.एल.क्यापिटल प्रा. लि. सिटिजन्स बैंकको सहायक कम्पनी रहेको र यो कम्पनीमा कर्मचारी संचय कोष तथा प्रतिष्ठित उद्योगी व्यापारीहरुको सह–लगानी रहेको छ । काठमाडौं डिल्लीबजार स्थित बाटुले घरमा संस्थाको रजिष्ट्रर कार्यालय रहेको छ । काठमाडौं बाहिरका लगानी कर्ताहरुले पूँजीबजारमा प्रत्यक्ष रुपमा सहभागी भई लगानी गर्न समस्या रहेको हालको परिस्थितिमा संस्थाले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर ) को सेवा सिटिजन्स बैंकका देशभरीका सम्पूर्ण शाखा कार्यालयहरुबाट प्रदान गरी इच्छुक लगानी कर्ताहरुलाई संस्थाको विज्ञ तथा अनुभवि व्यवस्थापन समुहबाट सेवा प्रदान गर्दै आएको छ ।

## एनएमबि बैंकका ग्राहकलाई कर्णाली केयर इन्टरनेशनल हस्पिटलमा ३५ प्रतिशतसम्म छुट

एनएमबि बैंकले आफ्ना ग्राहकहरुलाई कर्णाली प्रदेश सुर्खेत, जुम्लारोडस्थित कर्णाली केयर इन्टरनेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिमा विशेष छुट प्रदान गर्ने सम्झौता गरेको छ । सम्झौता पत्रमा बैंकका तर्फबाट कर्णाली प्रदेश क्षेत्रीय प्रमुख मित्रराज प्याकुरेल र कर्णाली केयर इन्टरनेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिको तर्फबाट निर्देशक दिपक कुमार गौतमले हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार बैंकको भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले हस्पिटलमा विभिन्न सुविधामा ५ प्रतिशतदेखि ३५ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् । एनएमबि बैंक दि फिनान्सियल टाईम्स लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर एसिया २०२१' उपाधिबाट सम्मानित भएको बैंक हो । एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ का लागि पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर नेपाल' प्राप्त गरि सकेको छ । एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १३८ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ ।

## मेगा बैंकद्वारा कृषि व्यवसाय प्रबर्द्धन गर्न किन्नि हो प्रालिसँग सम्झौता

काठमाडौ । मेगा बैंक नेपाल लिमिटेडले साना किसानहरुको कृषि व्यवसाय प्रबर्द्धन गर्नका लागि डिजिटल बैंकिङमार्फत वित्तीय सहयोग प्रदान गर्ने उद्देश्यले किन्नि हो प्राइभेट लिमिटेडसँग सम्झौता गरेको छ । काठमाडौंको कमलादीस्थित मेगा बैंकको कर्पोरेट कार्यालयमा मेगा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत तुल्सीराम पोखरेल र किन्निहोका अध्यक्ष विज्ञान घिमिरेबाट सम्झौता पत्रमा



हस्ताक्षर सम्पन्न भयो । किन्नि हो सँगको सम्झौता पछि मेगा बैंकले विदेशबाट फर्केका आप्रवासी कामदार एवम् साना तथा मझौला कृषकहरुलाई व्यवसाय विस्तार गर्न वा नयाँ उद्यम–व्यवसाय गर्नका लागि किन्नि हो को सिफारिसमा साना तथा मझौला कर्जा एवम् नेपाल राष्ट्र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा निर्देशिका र बैंकको सहुलियतपूर्ण ब्याज अनुदान कर्जा कार्यविधिको अधिनमा रही सहुलियतपूर्ण कर्जा प्रदान गर्नेछ । सम्झौता पत्रमा हस्ताक्षर पछि बैंकका कामु प्रमुख कार्यकारी अधिकृत पोखरेलले लघु, घरेलु एवं साना तथा मझौला उद्यमीहरुलाई व्यवसाय विस्तार गर्न आवश्यक कर्जा प्रदान गर्नुको साथै सहुलियतपूर्ण कर्जा सेवा विशेषगरी बैंकको गण्डकी र लुम्बिनी प्रदेशका जिल्लामा रहेका बैंकका शाखा मार्फत छिटो छरितो ढंगले सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । किन्नि होका प्रमुख घिमिरेले मेगा बैंकले साना किसान, महिला, विपन्न वर्गलाई प्राथमिकता दिई साना कर्जा एवं सहुलियत पूर्ण ब्याज अनुदान कर्जालाई प्राथमिकताका साथ वितरण गर्दै आएकोले बैंकसँग सहकार्य गरेको बताउनु भयो । किन्नि हो सँगको सम्झौता अन्तर्गत मेगा बैंकले प्रबर्द्धन गर्दै आएको डिजिटल बैंकिङ उपकरण 'मेगा किसान कार्ड'मार्फत गण्डकी र लुम्बिनी प्रदेशका कृषकहरुलाई किसान कार्ड वितरण गर्ने लक्ष्य राखेको छ ।

## मुक्तिनाथ विकास बैंक १७ औँ वर्षमाः विभिन्न कार्यक्रमको आयोजना

मुक्तिनाथ विकास बैंक १७ औं वर्षमा प्रवेश गरेको छ । वि.स. २०६३ पौष १९ गते देखि सञ्चालन भएको मुक्तिनाथ विकास बैंक २०७९ पौष १९ गते १७ वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न कार्यक्रमहरुको आयोजना गरेको छ । यस अवसरमा बैंकले डिजिटल माध्यमद्धारा एकैसाथ १३ वटा नयाँ शाखा तथा एक्सटेन्सन काउन्टरहरुको केन्द्रीय कार्यालयबाटै औपचारिक रुपमा समुद्घाटन




गरेको ।उक्त समारोहको समुद्घाटन गर्दै १७ औं बर्षको सहयात्रमा साथ दिने सेयरधनीहरु, ग्राहकहरु, नियमक निकायहरु, कर्मचारीहरु तथा शुभचिन्तकहरुलाई बैंकका अध्यक्ष भरत राज ढकालले धन्यबाद दिएका थिए ।

साथै, उक्त उद्घाटन समारोहमा अध्यक्ष ढकालले सदैव गुणस्तरीय सेवा प्रदान गर्दै अगाडी बढ्ने र विभिन्न वित्तीय तथा गैर वित्तीय सेवाको माध्यमद्वारा देशको अर्थतन्त्र र विकासमा बैंकले योगदान दिने प्रतिबद्धता व्यक्त गरे । सोही अवशरमा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकले हासिल गरेका उपलब्धी, बर्तमान चुनौतीका साथै भावी रणनीतिको बारेमा प्रकाश पार्दै सामाजिक उतरदायित्व अन्तर्गत विभिन्न अभियानहरु सञ्चालनमा ल्याएको बताए ।

जसअन्तर्गत देशका विभिन्न स्थानमा रक्तदान कार्यक्रम गरी १७४ युनिट रगत संकलन, विविन्न स्कुल तथा उच्च माध्यमिक विद्यालयहरु मार्फत कक्षा ११ र १२ का विद्यार्थीहरुलाई छात्रवृत्ति तथा विबिध सामग्री वितरण, सेवाको भावनाले स्थापित अस्पताल निर्माणको लागि सहकार्य, स्वच्छ पिउने पानी व्यवस्थापनको लागि सहयोग, बृद्धा, अनाथ तथा बालबालिकाहरुको क्षेत्रमा कार्य गर्ने मानाव आश्रमहरुमा आत्मनिर्भरता बढाउन मुक्तिनाथ आत्मनिर्भर ग्रिन प्रोजेक्ट सम्बन्धी सामाग्री हस्तान्तरण र न्यानो कपडा वितरण गर्ने जस्ता विभिन्न कार्यहरु गरिएको छ ।

# अर्थ संसार

## सबैभन्दा ठूलो बैंक बन्यो ग्लोबल आइएमई

लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडले मर्जरपछि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार शुरु गरेका छन् । काठमाडौंमा सोमबार आयोजित एक विशेष कार्यक्रमबीच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ले दुई बैंकको मर्जरपछि एकीकृत कारोबारको शुभारम्भ गर्नुभएको छ । एकीकृत कारोबार शुभारम्भ समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले बैंकहरु ठूलो हुँदा ठूलाठूला परियोजनामा लगानी जुटाउन सहयोग पुग्ने बताउनुभयो । बैंक मर्जर असाधारण काम हो, यो प्रसंशा योग्य छ । बैंक ठूला हुँदा ठूलाठूला परियोजनामा लगानी जुटाउन सहयोग पुग्नेछ । ठूला बैंकले मुलुकको दूरदराजसम्म नबिनतम बैंकिङ्ग सेवा र वित्तीय साक्षरता अभिवृद्धि गर्न काम गर्न जरुरी छ, उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्र सुधारउन्मुख रहेको र यसका लागि वर्तमान सरकार प्रतिवद्ध रहेको समेत बताउनुभयो । साना व्यवसायबाट आफ्नो व्यावसायिक यात्रा शुरु गर्नुभएका ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्र ढकाल र आफ्नो राजनीतिक जीवनमा धेरै समानता रहेको बताउँदै प्रधानमन्त्री दाहालले मुलुककै सबैभन्दा ठूलो बैंकको अध्यक्ष बन्न सफल हुनुभएकोमा अध्यक्ष ढकाललाई बधाई तथा शुभकामना समेत दिनुभएको छ । प्रधानमन्त्री दाहालले वर्तमान सरकार अर्थतन्त्र सुधारमा केन्द्रित रहेको र निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने बताउनुभएको छ । वर्तमान सरकार मुलुकको अर्थतन्त्र सुधार गर्न प्रतिवद्ध छ । हामीले हाम्रो पहिलो क्याबिनेट बैठकबाट नै मुलुकको अर्थतन्त्र सुधार गर्ने लक्ष्यका साथ काम सुरु गरेका छौं,उहाँले भन्नुभयो । नेपाल सरकारका मुख्य सचिब शंकरदास बैरागीले अर्थतन्त्रमा सकारात्मक सुधारको संकेत देखिएकोले निजी क्षेत्र हतोत्साहित



हुनुपर्ने अवस्था नभएको बताउनुभयो । अर्थतन्त्रमा सकारात्मक संकेत र आर्थिक सूचकमा सुधार आएको छ । बैंकहरुको ठूलो मर्जरले वित्तीय क्षेत्रको स्थायित्वमा ठूलो योगदान पुऱ्याउन सक्छ, उहाँले भन्नुभयो । उहाँले नेपाल सरकार निजी क्षेत्रलाई साथमा लिएर, निजी क्षेत्रको मनोबल बढाएर अगाडि बढ्ने बताउनुभयो । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंक तथा वित्तीय संस्थाहरुको मर्जरले बैंक तथा वित्तीय संस्थाहरु ठूला र सबल बन्दै जाँदा वित्तीय मध्यस्थता लागत कम हुँदै जाने बताउनुभयो । उहाँले मर्जरले बैंकहरु ठूला बन्दै जाँदा बैंकहरुले स्वनियमनमा बस्नुपर्ने बताउनुभयो । उहाँले ठूला बैंकले एकल ग्राहक सिमामा आन्तरिक सिमा समेत कायम गरी साना तथा मझ्यौला ऋणिहरुलाई ऋण प्रवाह गर्नुपर्ने समेत बताउनुभयो । ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाली बैंकिङ्ग क्षेत्रका लागि आजको दिन एउटा ऐतिहासिक दिन रहेको बताउँदै यस मर्जरसँगै अधिकांश वित्तीय सूचकहरुमा ग्लोबल आइएमई बैंक नेपालको नम्बर वान बैंक बनेको बताउनुभयो । हुन त यसअघि पनि हामी धेरै सूचकमा नम्बर वान् नै थियौं तर आजको मर्जरपछि हामी झनै माथि उक्लिन सफल भएका छौं । यो मर्जरसमेत गरेर हालसम्म ५ वटा वाणिज्य बैंक, १० वटा विकास बैंक र ६ वटा फाइनान्स कम्पनीसहित कुल २१ वटा बैंक तथा वित्तीय संस्थाहरु एउटै संस्थाका रुपमा एकीकृत गरेका छौं, उहाँले भन्नुभयो । अध्यक्ष ढकालले नेपाल राष्ट्र बैंकले मर्जरको नीति घोषणा गरेपछि ग्लोबल आइएमई बैंकले त्यसलाई पछ्याउँदै अघि बढेको र सरकार तथा नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई कार्यान्वयनमा ल्याउने लिडर रहेको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले मर्जरले बैंक सबल बन्ने र सबल बैंकले अर्थतन्त्र सबल बनाउन सहयोग पुग्ने बताउनुभयो । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु अग्रवालले ग्लोबल आइएमई बैंकलाई सफल मर्जरको लागि शुभकामना व्यक्त गर्दै ग्लोबल आइएमई बैंकको नेतृत्वमा ब्याजदर घटाउन पहल गर्न आग्रहसमेत गर्नुभयो । बैंक अफ काठमाण्डूका अध्यक्ष प्रकाश श्रेष्ठले बैंकको पूँजीगत आधार विस्तार गर्दै क्षमता विकास गर्न मर्जरमा गएको बताउनुभयो । उहाँले बैंकिङ्ग क्षेत्रप्रति आम जनताको विश्वास बढ्दै गएको बताउँदै यसले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउन सकारात्मक भूमिका रहने बताउनुभयो । बैंक अफ काठमाण्डूका संचालक तथा संयुक्त मर्जर कमिटिका संयोजक राधेश पन्तले मर्जरको पहिलो सम्झौता भएको ६ महिनाभित्र मर्जर सम्पन्न भएको बताउनुभयो । दुवै बैंकका आआफ्नै विशेषता रहेको बताउँदै उहाँले मर्जरपछि बैंकको व्यवसायको लागत कम हुने बताउनुभयो । उहाँले ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडले मर्जरपछि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार शुभारम्भ समारोहमा उपस्थित सम्पूर्ण विशिष्ट पाहुनाहरुलाई धन्यवाद व्यक्त गर्नुभएको छ । नयाँ बैंकको सञ्चालक समितिमा ग्लोबल आइएमई बैकको तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकाल सहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहनुहुनेछ । त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य रहनुहुनेछ । २१ वटा बैंक तथा वित्तीय संस्थाहरु गाभिएर बनेको ग्लोबल आइएमई बैंक लिमिटेडमा ५ वटा वाणिज्य बैंक, १० वटा विकास बैंक तथा ६ वटा फाइनान्स कम्पनी समाहित भएका छन् । मर्जर पश्चात् बैंकको कुल सम्पत्ति ५ खर्ब ५ अर्ब रुपैयाँ, कुल पूँजी ५७ अर्ब रुपैयाँ, चुक्ता पूँजी ३५.७७ अर्ब रुपैयाँ, कुल निक्षेप ४ खर्ब १२ अर्ब रुपैयाँ, कुल कर्जा ३ खर्ब ७७ अर्ब रुपैयाँ भएको छ । मर्जरपछि बन्ने नयाँ बैंक कुल पूँजी, चुक्ता पूँजी, शाखा सञ्जाल तथा व्यवसायको आकारको हिसाबले नेपालको सबै भन्दा ठूलो बैंक बनेको छ । दुई बैंकहरुको मर्जर पश्चात् कुल ३६५ शाखा कार्यालय, ३६७ एटिएम, २८६ शाखारहित बैंकिङ्ग सेवा, ६१ विस्तारित शाखा कार्यालयहरु, ३ वटा विदेशस्थित सम्पर्क कार्यालयहरु, ४० लाख भन्दा बढी ग्राहकहरुसहित अन्य धेरै वित्तीय परिसुचकहरुमा ग्लोबल आइएमई बैंक लिमिटेड मुलुकको सबैभन्दा ठूलो बैंक हुनेछ ।

# सन् २०२२ लाई आर्थिक दृष्टिले फर्केर हेर्दा

**नरसागर श्रेष्ठ**

आर्थिक वृद्धिको हिसाबले विगत २२ वर्षमा सन् २००१ र २०२० पछि गत वर्ष पनि एक प्रकारले निराशाजनक वर्ष साबित हुन पुग्यो । विश्वको सबैभन्दा ठूलो अर्थव्यवस्था अमेरिका मन्दी हुनबाट जोगिएको छ भने रूसमाथिको इन्धन निर्भरताले गर्दा युरोप र बेलायतको आर्थिक वृद्धि निकै कम भएको छ । चीनमा यो वर्ष शून्य कोभिड नीतिका कारण ३ प्रतिशतको हाराहारीमा मात्र आर्थिक वृद्धि हुन सकेको छ, जसले विश्वको आपूर्तिमा ठूलो नकारात्मक प्रभाव पारेको छ ।

गत वर्षको प्रारम्भमा विश्व अर्थव्यवस्था करिब ४ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको अन्तर्राष्ट्रिय मुद्राकोषले समेत त्यसलाई घटाएर २.७ प्रतिशतमा झारेको छ । रूसले युक्रेनमाथि गरेको आक्रमण नरोकिनु, विश्वभरि बढेको मुद्रास्फीति र विश्वका धेरै देशका केन्द्रीय बैंकहरूले मुद्रास्फीति नियन्त्रण गर्ने नाममा जुन ब्याजदर बढाएका छन्, त्यसले विश्वको आर्थिक वृद्धिदरमा कमी आएको छ । आईएमएफका कार्यकारी निर्देशकले त चीनको आर्थिक वृद्धि विगत ४० वर्षमा पहिलोपल्ट विश्व आर्थिक वृद्धिदरभन्दा कम रहेका जानकारी दिएकी छन् ।

यो वर्ष भारत एउटा उदीयमान देशको हिसाबले करिब ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गरी विश्वकै सबैभन्दा बढी आर्थिक वृद्धि हासिल गर्ने देशमा उभिन पुगेको छ । विश्वको कुल गार्हस्थ्य उत्पादनमा लगभग आधा योगदान पुऱ्याउने अमेरिका, युरोप र चीनमा गत वर्ष आर्थिक वृद्धिमा सुस्तता आएको हुनाले विश्वको आर्थिक वृद्धिदर यो वर्ष ३ प्रतिशतभन्दा कममा झरेको हो । गत वर्ष आँधीले गाउँ छोपेजस्तै मुद्रास्फीतिले विश्वलाई गाँजेको छ ।

चीन, जापान र अरू केही देश छाडेर विश्वका धेरै देशको औसत मूल्य वृद्धिदर १० प्रतिशतभन्दा माथि रह्यो, जुन अर्थशास्त्रको भाषामा कुँदेको मुद्रास्फीतिभित्र पर्छ । विगत ४० वर्षको आर्थिक इतिहासमा यतिका मूल्यवृद्धि विश्वले पहिलो पटक भोगेको छ । अमेरिकाको केन्द्रीय बैंकले हाच्छिउँ गर्दा अरू देशहरूको अर्थव्यवस्थालाई ज्वरो आउँछ भन्ने कुरा गत वर्ष सही साबित हुन पुगेको छ । शून्यजस्तो रहेको अमेरिकाको रिपो रेट अहिले बढेर झन्डै ४.५० प्रतिशत पुगेको छ ।

टर्कीबाहेक विश्वका धेरै देशका केन्द्रीय बैंकहरूले मुद्रस्फीति नियन्त्रण गर्न ब्याजदर बढाएका छन् । अन्तर्राष्ट्रिय मुद्राकोषले गत वर्ष विश्वभरि नै ८ प्रतिशतको मुद्रास्फीति हुने अनुमान गरेको थियो । चीन र जापानको मूल्य वृद्धिदर ५ प्रतिशतभन्दा कम देखिएको छ भने अर्जेन्टिना र टर्कीजस्ता देशहरूको मुद्रास्फीतिको दर ६० प्रतिशतभन्दा माथि छ । उतातिर अमेरिका र भारतमा नोभेम्बर महिनाको मूल्यवृद्धि क्रमशः ७.१ र ५.८ प्रतिशत रही राहतको सास फेरेको पाइन्छ ।

अमेरिकाको फेडले त आफ्नो देशको मुद्रास्फीतिको दर २ प्रतिशतमा राख्ने लक्ष्य नै लिएको पाइन्छ भने भारतको केन्द्रीय बैंकले पनि झन्डै ११ महिनापछि मुद्रास्फीतिको दर आफूले राखेको ६ प्रतिशतको लक्ष्यभन्दा कम रहेकोमा केही राहतको सास फेरेको पाइन्छ । युरोपियन युनियनका देशहरूले नोभेम्बर महिनामा १० प्रतिशतको उच्च मुद्रास्फीति भोग्नुपऱ्यो भने बेलायतले १०.७ प्रतिशतको मुद्रास्फीति भोग्नुपऱ्यो ।

नेपाल राष्ट्र बैंकले नेपालको कात्तिक महिनाको मूल्य वृद्धिदर ८ प्रतिशतभन्दा माथि रहेको विवरण प्रकाशित गरेको थियो । एकातिर अमेरिकाले कस्सिएको मौद्रिक नीति अपनाएका कारण २०२२ भरि नै अमेरिकी डलर सबैभन्दा बलियो मुद्राको रूपमा देखा पर्नु र अर्कातिर चीनको शून्य कोभिड नीतिका कारण चीनका धेरै सहरमा लकडाउन भएकाले विश्वको उत्पादनस्थल भनेर चिनिने चीनमा वस्तुहरूको उत्पादनमा कमी आएपछि विश्वको आपूर्ति व्यवस्था नराम्रोसँग प्रभावित भएको छ ।

कोभिड संक्रमणको लकडाउन, रूसले युक्रेनमाथि गरेको आक्रमण, अमेरिका, इयू र अस्ट्रेलियालगायतका देशहरूले रूसमाथि लगाएको आर्थिक नाकाबन्दी तथा चीनमा शून्य कोभिड नीतिका कारण भएको लकडाउन, एक दशकसम्म शून्यप्रायः रहेको पाश्चात्य देशहरूको रिपो दर अहिले बढेर साढे ४ प्रतिशत पुगेको छ र आगामी दिनहरूमा यो अरू बढ्नेछ । मूल्यवृद्धि घट्न समय लाग्ने भएकाले यो वर्ष पनि मुद्रास्फीतिको दरमा खासै कमी आउने देखिँदैन ।

बेलायती पाउन्ड, युरोपियन युरो र जापानिज येनको अमेरिकी डलरसँगको सटही दर अहिलेसम्मकै न्यूनतम बिन्दुमा झरेको थियो । आखिर विश्व नै मन्दीतर्फ उन्मुख भएको बेलामा अमेरिकी डलर बलियो हुँदै गएको छ । लगानीकर्ताहरूले डलरमा गरेको विश्वासलाई यसको कारण मान्न सकिन्छ । विगत ११ वर्षदेखि नै डलर अरू मुद्राको तुलनामा बलियो हुँदै गइरहेको थियो र विगत १५ महिनामा यो बलियो हुने गति अरू बढेको पाइन्छ । सन् २०२१ देखि डलरको मूल्य अरू विकसित र उदीयमान अर्थव्यवस्थाहरूको मुद्राको तुलनामा झन्डै १० प्रतिशतले बढेको पाइन्छ । रूस र युक्रेनको युद्धका कारण खाद्यान्न, रासायनिक मल र अन्य कच्चा पदार्थहरूको आपूर्तिमा र मूल्यवृद्धिका कारण अन्तर्राष्ट्रिय मुद्राकोषले विश्वका ७० भन्दा बढी देशको सार्वजनिक ऋणको भार वृद्धि हुने र त्यसमध्ये केहीले ऋण तिर्न सक्ने अवस्था नहुने भनी केही समय अगाडि गरेको प्रक्षेपण गत वर्ष सत्य साबित भएको छ । श्रीलंकामा त यो समस्याले विकराल रूप लिई राजनीतिक सत्ता नै परिवर्तन हुन पुग्यो भने पाकिस्तान, बंगलादेश र घानाजस्ता देशहरूमा लामो समयसम्म भुक्तानी सन्तुलन बिग्रेपछि आईएमएफसँग गुहार माग्न बाध्य हुनुपऱ्यो । गत वर्षको निराशाजनक र अँध्यारो अवस्थामा केही देशको आर्थिक अवस्थालाई आशालाग्दो अवस्थामा प्रस्तुत गर्न सकिन्छ ।

मोर्गान स्टान्लेका रुचिर शर्माका अनुसार भियतनाम, इन्डोनेसिया, भारत, ग्रिस, पोर्चुगल, साउदी अरेबिया र जापानजस्ता देशहरूको आर्थिक वृद्धि बलियो भएको छ । मुद्रास्फीतिको दर पनि मोडरेट भएको र सेयर बजारको प्रतिफल पनि सकारात्मक रहेकाले यी देशहरूको आर्थिक अवस्था त्यति बिग्रन पाएको देखिँदैन ।

अर्थशास्त्रीहरूले अहिलेको मुद्रास्फीतिलाई सन् १९८० को दशकसँग तुलना गरिरहेका छन् र बेलायतबाट प्रकाशित इकोनोमिस्ट पत्रिकाका अनुसार केन्द्रीय बैंकहरूले ब्याजदर बढाएर मात्र मूल्य नियन्त्रण नहुने र यसमा अरू नीति निर्माताहरूलाई पनि समावेश गर्नुपर्ने र यसले गर्दा मौद्रिक नीति तथा वित्तीय नीतिको सन्तुलित कार्यान्वयन र अर्थव्यवस्थाको संरचनागत सुधारले मात्र यो समस्याको समाधान निस्कन्छ भन्ने उनीहरूको राय भएको पाइन्छ । अहिलेको भारतको आर्थिक स्थितिले यही कुरा झल्काइरहेको छ । गत वर्षको विश्व आर्थिक परिदृश्यले यो वर्षको आर्थिक अवस्था पनि त्यति उत्साहप्रद नहुने निष्कर्ष धेरै अर्थविद्हरूले निकालेका छन् । कारोबार

# गरिब पहिचान र गरिबी निवारणको सन्दर्भ

राज्यले गरिबी निवारणका लागि विभिन्न प्रयास र कार्यक्रमको कार्यान्वयन गरे पनि अपेक्षित उपलब्धि भने हासिल गर्न सकिएको छैन । गरिब पहिचानका लागि १० वर्षमा २ अर्ब रकम खर्च गरेको छ । तर, यति धेरै रकम खर्च गरेर पनि अझैसम्म देशमा कति गरिब छन् भन्ने यकिन गर्नसमेत सकेको छैन । विपन्न परिवारलाई आधारभूत सहुलियत र सुविधा प्रदान गरेर जीवनयापन सहज गराउने उद्देश्यले सरकारले वि.सं. २०६९ मा गरिब घरपरिवार सहयोग समन्वय बोर्ड गठन गरेर लगत संकलन गरेको थियो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार २०७९ असार मसान्तसम्म ४९ जिल्लामा मात्रै लगत संकलन गरेको छ, जहाँ ६ लाख १५ हजार गरिब पहिचान भएका छन् । परिचयपत्र प्राप्त गर्नेहरू भने जम्मा २६ जिल्लाका ३ लाख ९१ हजार ८ सय ३१ गरिब पहिचान भएको तथ्यांक छ । राज्यले गरिब पहिचानका विभिन्न २६ वटा सूचक तयार गरेको छ, जसमा घरको प्रकार, परिवारमूलीको अवस्था, परिवार सदस्य संख्या, परिवारको जात, भौगोलिक क्षेत्र, शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका सूचक रहेका छन् । परिवारले खर्च गर्ने क्षमताको मौद्रिक मूल्य निकालेर प्रतिव्यक्ति उपभोग खर्च हिसाब गरिएको थियो । त्यसलाई तीन भाग लगाएर अति गरिब, मध्यम गरिब र सामान्य गरिबमा वर्गीकरण गरिएको थियो । सरकारले सामान्यलाई नीलो, मध्यमलाई पहेँलो र गरिबलाई रातो रंगको परिचय वितरण गरेको छ । प्रतिवर्ष प्रतिव्यक्ति २२ हजार ९ सय १९ रुपैयाँ पनि खर्च गर्ने क्षमता नभएको परिवारलाई सामान्य गरिब भनिएको छ । त्यसको आधा पनि खर्च गर्न नसक्नेलाई अति गरिब र त्यही अंकको ५० देखि ७५ प्रतिशत खर्च गर्ने क्षमता भएको परिवारलाई मध्यम गरिब भनिएको छ । यो २०६८ को जीवनस्तर सर्वेक्षणका आधारमा गरिएको हो । त्यसयता जीवनस्तर सर्वेक्षण नभएको र हाल भइरहेको छ, सो सर्वेक्षण सार्वजनिक भएपछि त्यसकै आधारमा गरिब पहिचान गरिने भएको छ । एक दशकसम्म पनि गरिब पहिचान गर्न नसक्दा वास्तविक गरिब राज्यबाट प्राप्त गर्ने सुविधाबाट वञ्चित भएका छन् । पहिचान भएकाहरूले पनि परिचयपत्र पाउन सकेका छैनन् । कृषि ऋण सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाई युवावर्गलाई कृषिमा आकर्षित गर्न सकिएमा गरिबी घटाउन ज्यादै सहयोग पुग्ने देखिन्छ । साथै, कृषि उत्पादनले बजार पाउने ग्यारेन्टीसमेत गर्नुपर्छ । तब मात्र कृषिमा रोजगारी उपलब्ध भई गरिबी निवारण गर्न सकिन्छ । परिचयपत्र वितरण गरी उनीहरूले प्राप्त गर्ने सुविधा दिन नसक्दा कार्यक्रमको औचित्यमाथि नै प्रश्न खडा भएको अवस्था पनि नभएको होइन । राज्यले गरिब पहिचानका लागि हालसम्म कति खर्च गरेको छ भन्ने सवाल पनि उठेको छ । २०६९ सालमा गठन गरिएको गरिब घरपरिवार सहयोग समन्वय बोर्ड २०७५ सालमा खारेज गरेर मन्त्रालयमार्फत कार्यक्रम अगाडि बढाएको छ । बोर्डका अनुसार सुरुका ६ वर्षमा करिब ६५ करोड खर्च गरेको थियो । त्यसयता चार वर्षमा सरकारले २ अर्ब १८ करोड ६३ लाख विनियोजन गरेको देखिन्छ । २०७५/७६ मा ६३ करोड ६३ लाख, २०७६/७७ मा ६४ करोड, २०७७/७८ मा ४१ करोड, २०७८/७९ मा ५० करोड विनियोजन गरेको छ । यसमध्ये २ अर्ब खर्च भएको मन्त्रालयको तथ्यांकबाट देखिन्छ । गरिब पहिचानमा ढिलाइ मात्रै भएको छैन, पहिचान भएका गरिबले समेत वर्षौंसम्म परिचयपत्र पाएका छैनन् । पहिले बनेका परिचयपत्र गोदामा नै थन्किएर म्याद पनि सकिन लागेको तीतो वास्तविकताले यस कार्यक्रमले गिज्याइरहेको अनुभूति गराएको छ । गरिब परिचयपत्र पनि धनी र पहुँच भएकाहरूले लिएको गुनासो सर्वत्र आउनु विडम्बना नै हो । हाम्रो समस्या भनेकै कार्यक्रमको घोषणा गर्ने तर सो कार्यक्रमको कार्यान्वयनमा ढिलम्ब गर्ने अथवा त्यसको प्रभावकारितामा ध्यान नदिने जुन प्रवृत्ति छ त्यसले हाम्रो कार्यशैली प्रस्ट हुन्छ । खासगरी गरिबी कम गर्नका लागि रोजगारीको उपलब्धतामा जोड दिनुपर्छ । बेरोजगारीलाई स्वरोजगारका विविध कार्यक्रममार्फत रोजगार बनाउने दिशामा ध्यान दिनुपर्छ । अल्पकालीन र दीर्घकालीन तालिमका माध्यमबाट रोजगारीको सिर्जना गर्न सकिन्छ । सीपमूलक तालिमबाट व्यक्तिले स्वरोजगारी मात्र नबनी अन्यलाई समेत रोजगारी उपलब्ध गराउन सकिन्छ । विकास आफैँमा बहुआयामिक अवधारणा हो, यसले मानवीय जीवनको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, वातावरणीय सबै आयामलाई प्रभाव पारेको हुन्छ । विकासले वृद्धि र सकारात्मक परिवर्तन गर्छ भने यसले मानवको आर्थिक, सामाजिक पक्षमा भएको उन्नति, प्रगति, परिवर्तन र रूपान्तरणलाई जनाउँछ । नेपाल सरकारले गरिबी निवारणका लागि विविध उद्देश्य राखेको छ । गरिबीको रेखामुनि रहेका जनसंख्याको जीवनस्तर क्रमशः माथि उठाउँदै गरिबीको चापलाई न्यून गर्ने साथै उत्पादन तथा आयआर्जनका साधन नभएका अतिविपन्न परिवारको जीवनस्तर माथि उठाउन विशेष क्षेत्र तथा विपन्न लक्षित कार्यक्रमहरू सञ्चालनमा ल्याउने रहेका छन् । समाजमा पिछडिएका उपेक्षित र कमजोर वर्गलाई सामाजिक एवम् आर्थिक रूपले सबल बनाउने तथा पिछडिएका दुर्गम क्षेत्रका भौतिक, सामाजिक एवम् आर्थिक पूर्वाधारको विकास गरी विद्यमान गरिबीको उच्च चापलाई काम गर्ने रहेको छ । गरिबी कम गर्न राज्यले अनेकौं रणनीतिको अवलम्बन गर्दै आएको छ, जसमा दीर्घकालीन कृषि योजनाअनुरूप कृषिक्षेत्रमा र अर्थतन्त्रका अन्य क्षेत्रहरू जस्तै उद्योग, पर्यटन, निर्माण, यातायात, सेवा आदि क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्ने नीति अवलम्बन गरिएको छ । ग्रामीण क्षेत्रमा गरिबी निवारणका लागि कृषि, कृषिजन्य घरेलु उद्योग, कृषि व्यापार, सामुदायिक ग्रामीण पर्यटन एवम् ग्रामीण पूर्वाधारको विकास आदि कार्यक्रमहरूमा जोड दिइने भनिएको छ । गरिबी निवारणका प्रयासलाई दिगो गराउन र निरन्तरता दिनका लागि समष्टिगत आर्थिक विकासलाई सुदृढ गराई गरिबीको रेखामुनि रहेको जनसंख्यालाई रोजगारीका माध्यमबाट वितरण प्रक्रियालाई प्रभावकारी बनाइने नीतिको अवलम्बन गरिने जनाइएको छ । गरिबी, प्रजनन दर, मृत्युदर, बसाइँसराइबीचको अन्तरसम्बन्धलाई अझ प्रस्ट पार्न अध्ययन-अनुसन्धानमा जोड दिई गरिबी निवारणका कार्यक्रमहरू र जनसंख्या नियन्त्रणका प्रयासलाई साथै लगिने, कृषकसँग कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिने जस्ता कार्यलाई ज्यादा जोड दिइएको छ । शिक्षा क्षेत्रमा सरकारको लगानी वृद्धि गरी गरिबीको रेखामुनि रहेका छात्रछात्रालाई माध्यमिक स्तरसम्मको अध्ययनका लागि प्रोत्साहन गरिने, स्वास्थ्य क्षेत्रमा लगानी बढाइने, प्राथमिक उपचार, खोप तथा पोषण कार्यक्रमलाई विस्तार गर्ने, स्वच्छ पिउने पानी एवम् सरसफाइ सुलभ तथा प्रभावकारी बनाइने नीतिको अवलम्बन गरिनेमा जोड

बाँकी ६ पृष्ठमा

# खेलकुद

## सङ्कटा क्लबलाई आहा रारा पोखरा गोल्डकपको उपाधि

कास्की । सङ्कटा फुटबल क्लबले २२ औं संस्करणको 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप'को उपाधि जितेको छ । पोखरा रङ्गशालामा सम्पन्न फाइनल खेलमा अमेरिकाको भुटनिज युथ स्पोर्टस क्लब (बिवाइएससी) मिनेसोटालाई ३-२ गोलले हराउँदै सङ्कटा दोस्रोपटक च्याम्पियन बनेको हो । सङ्कटाले यसअघि २० औं संस्करणको पनि उपाधि जितेको थियो । विजेता टोलीले रु १२ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता भुटनिज युथ क्लबले रु छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।सङ्कटालाई च्याम्पियन बनाउन सुरजज्यू ठकुरी, मेसुके ओलामाउ र सुनिल बलले एक/एक गोलको योगदान गर्नुभयो । उपविजेता भुटनिज युथ क्लबका तर्फबाट रेने स्यान्टिलन र विलिस ग्रिफिटले गोल गर्नुभयो । खेलको सातौं मिनेटमा सुरजज्यू ठकुरीको गोलमा सङ्कटाले अग्रता लिएको थियो । यसैगरी खेलको ३५औं मिनेटमा मेसुके ओलामाउले गोल गर्दै अग्रता दोब्बर बनाउनुभएको थियो । भुटनिज युथ क्लबका लागि रेने स्यान्टिलनले खेलको ३७औं मिनेट र पहिलो हाफको अतिरिक्त समयमा विलिस ग्रिफिटले दोस्रो गोल गर्दै खेल बराबरीमा पुगेको थियो । खेलको दोस्रो हाफमा कुनै पनि गोल भएन । निर्धारित ९० मिनेटको समय बराबरीमा टुङ्गिएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयको पहिलो हाफ गोलरहित बराबरीमै सकियो । तर एक सय १७ औं मिनेटमा सङ्कटाका सुनिल बलले निर्णायक गोल गर्दै टिमलाई च्याम्पियन बनाउनुभएको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी सङ्कटाका सुनिल बल घोषित हुनुभयो । उहाँले एलजीको इलेक्ट्रिक स्कुटर प्राप्त गर्नुभयो । उत्कृष्ट मिडफिल्डरमा सङ्कटाका आयुष घलान, उत्कृष्ट गोलरक्षकमा सङ्कटाकै टिकेन्द्र थापा, उत्कृष्ट फरवार्ड सङ्कटाकै स्टेफन बिनोड र उत्कृष्ट डिफेन्डरको उपाधि भुटनिजका हेक्टर ओर्टेगाले प्राप्त गर्नुभयो । प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकमा सङ्कटाका सल्यान खड्गी घोषित हुनुभयो । उहाँहरू सबैले जनही रु २५ हजार पुरस्कार प्राप्त गर्नुभयो ।

## भलिबल : पुलिस र आर्मीको जित

काठमाडौं । सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फको खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आज भएको खेलमा पुलिस क्लब नयाँबजार सामाजिक युवा क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो । खेलमा पहिलो सेट २५-१० ले आफ्नो पक्षमा पारेको पुलिस क्लबले दोस्रो २५-६ ले जित्यो । तेस्रो तेस्रो सेट पुलिस क्लब २५-८ ले विजयी भयो । यस जितसँगै पुलिसले प्रतियोगितामा तीन अङ्क जोडेको छ । यसैगरी आजै भएको महिलातर्फको अर्को खेलमा त्रिभुवन आर्मी क्लब कृष्ण माध्यमिक एकेडेमीलाई ३-० को सोझो सेटमा पराजित गर्दै विजयी भएको छ । आर्मीले कृष्ण माध्यमिक एकेडेमीमाथि पहिलो सेट २५-३ ले पराजित गऱ्यो भने खेलको दोस्रो सेट २५-५ ले हरायो । त्यस्तै आर्मीले खेलको तेस्रो सेट २५-१० आफ्नो पक्षमा पार्दै आफ्नो टोलीको जित सुनिश्चित गऱ्यो । च्याम्पियनसिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन् । च्याम्पियनसिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछ ।

## म्याच फिक्सिङको जानकारी भए उजुरी गर्नुस-क्यान

काठमाण्डौ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले काठमाण्डौमा सञ्चालन भइरहेको नेपाल टी-२० लिग क्रिकेट प्रतियोगितामा फिक्सिङ/स्पट फिक्सिङ भएको भन्ने सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । बुधवार प्रेस विज्ञप्ति निकालेर क्यानले नेपाली क्रिकेट र राष्ट्रकै नाममा ठेस पुऱ्याउने गरी फैलाइएको यस्ता गतिविधि अन्त्य गर्ने प्रतिबद्धता जनाउँदै म्याच फिक्सिङको बारेमा जानकारी भएमा प्रमाणसहित बुझाउन भनेको छ । यसबारेमा क्यानको केन्द्रीय कार्यालय वा अहिले चलिरहेको नेपाल टी-२० लिगको एन्टी करपशन युनिटमा





उजुरी बुझाउन विज्ञप्तिमा भनिएको छ ।

यसैबीच गृह मन्त्रालयले नेपाल टी-२० क्रिकेट लिगका बारेमा सत्य/तथ्य छानबिन गरी आवश्यक कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ । लिग विवादमा परेपछि मन्त्रालयले हिजो मङ्गलबार एक विज्ञप्ति निकालेर म्याच फिक्सिङ तथा आयोजक सम्पर्कबाहिर रहेको र खेलाडीको पारिश्रमिकमा अनियमितता भएकोबारे आवश्यक छानबिन गर्न भनेको हो । गृह मन्त्रालयले नेपाल टि-२० क्रिकेट लिगका बारेमा सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ । लिग विवादमा परेपछि मन्त्रालयले हिजो एक विज्ञप्ति निकालेर म्याच फिक्सिङ तथा आयोजक सम्पर्क बाहिर रहेको र खेलाडीको पारिश्रमिकमा अनियमितता भएकोबारे आवश्यक छानबिन गर्न भनेको हो । 'टि-२० लिग क्रिकेट प्रतियोगिताका बारेमा सामाजिक सञ्जाल तथा पत्रपत्रिकामा आयोजक सम्पर्क बाहिर गएको, खेलाडीको पारिश्रमिकमा अनियमितता भएको र स्पट फिक्सिङ भएको जस्ता समाचार निरन्तररुपमा आइरहेकाले यस विषयमा के-कसो भएको हो आवश्यक छानबिन गरी जे-जे गर्नुपर्ने हो, यथाशीघ्र गर्नु/गराउनु हुन उपप्रधानमन्त्री तथा गृहमन्त्रीको निर्देशानुसार अनुरोध छ', मन्त्रालयले निकालेको विज्ञप्तिमा उल्लेख छ । गएको पुस ९ गतेदेखि कीर्तिपुर मैदानमा लिग सुरु भएको हो । प्राप्त निर्देशनको आधारमा अनुसन्धान सुरु गरिसकेको प्रहरीको भनाइ छ ।

# गायक शिव सागर खड्का छोटो समयमै दर्शकको मन जित्न सफल भए

रामेछाप जिल्लाको दुर्गम ठाउँ गर्जाङमा जन्मेका गायक शिव सागर खड्का एक सफल ब्यवसायी पनि हुन् । लामो समय देखी ब्यसायीक गदै आएका सागर गीत संगीत क्षेत्रमा धेरै संर्घष मेहनतकासाथ अघि बढेका देखिन्छन । सागरका थुप्रौ गीत बजारमा आईसकेका छन् । केही गीत चर्चाको शिखरमा छन् , केही गीतले इतिहाँस बनाएका छन् ।

यस अघि २०७२ सालको बिनासकारी भुक्मपाले मानिस र धनजनको तहस नहस बनाइदियो कति मानिसको बिचल्ली पारीदियो यस्तो कठिन समस्याको बेला छिमेकी मुलुक भारतले नाकाबन्धी गरिदियो देशमा भष्टाभचार मौलाउन थाल्यो सोही दुखत बिषय बस्तुलाइ समेटेर गायक खड्काले भन सरकार धरर खै भन्ने बोलको गीत बजारमा ल्याए । सो गीत प्रश्चात सागर निकै चर्चामा आए,त्यसपछि थुप्रौ गीतहरुको अफर आउन थाल्यो आफ्नो कार्य ब्यस्थाततको कारणले कति गीत गरे कति गीत गरेन्न् आफ्नो ब्यवसायलाइ भने निरन्तर दिदै गए ।




लामो समय पछि आफ्नै लगानी आफ्नै शब्दमा चर्चित गायिका मेलिना राइसँग ट्राफिक जाम गित बजारमा सार्वाजनिक गरे सार्वाजनिक गरेको केही दिनमै स्रोता, दर्शकको मन जित्न सफल भए । त्यसपछि जतातत‍ै सामाजिक सञ्जालमा उक्त गीत भाइरल हुन पुग्यो । त्यही गीतले छोटो समयमै सागर खड्कालाई सफल्ताको शिखरमा पुऱ्यायो । लोकप्रिय गायिका एलिना चौहान गायक शिव सागर खड्काले आवाज दिएको निकै उत्कृष्ट गीत निष्टुरी भयौरे केही समय अघि बजारमा आएको थियो । छोटो समयमै दर्शकको मन जित्न सफल भयो । यस अघि सागरका केही गीतहरु ट्राफिक जाम, यो नयाँ जोडी, यो हारेको मन दर्शकहरुले मन पराउदै आएका थिए । पछिल्लो गीत पनि दर्शको मन जित्न सफल भएको छ ।

गीतमा स्वर ,शिव सागर खड्का र एलिना चौवानको रहेको छ । गायक सागरकै शब्द रहेको गीत गायक आफैले लय गरेका छन् । भिडियो निर्देशक बिशाल नेपालीले गरेका छन् । कोरियोगप्रफी पनि बिशाल नेपाली कै रहेको छ । गीतमा शिव सागर खड्का र गायिका एलिना चौहान अभिनयमा मुख्य भूमिका निर्वाह गरेका छन् ।

गायिका रचान रिमाल र शिव सागर खड्काको आवज रहेको मिनेट मिनेटमा वोलको गीत केही समयमै बजारमा आउने गायक सागरले jana Aakash Media लाइ बताए ।

# न्याय मरेपछि



राधा कार्की

एकाबिहानै
एउटा आवाज आयो
‘ऐया ऐया ! मरेँ मरेँ...‼
यसले दुःख पाउने भई !’
थुप्रै स्वरहरूले एकै साथ भने
‘हामी छौँ नि...!’
बिस्तारै बिस्तारै
उनको आवाज पनि मन्द मन्द हुँदै गयो
र चिरनिद्रामा अस्तायो सधैँका लागि !

जीवनको डोरी
च्वाट्टै चुँडिएपछि
झ्याप्पै निभ्यो- ममताको दियालो !
हृदयको चापसँगै
घडीको सुई द्रुत गतिमा चलिरह्यो
म सोचिरहन्थेँ-
‘कसरी भित्रिन्छ होला
उमेरको बारीमा बैँसालु वसन्त !

जब आए माली
फक्रिएको फूल टिप्न
तब समयले उठायो
थुप्रै असमान सवालहरू
मैले चाहिनँ
ती निरर्थक सवालहरूको उत्तर दिन
किनकि
मलाई त अर्थपूर्ण जीवन जिउनु थियो !

व्यस्त सहरका गल्लीहरूमा
म समयसँगसँगै निरन्तर दौडिरहेँ
खुट्किलै खुट्किलाका श्रेणीमा
केही खुट्किला मात्र के चढेकी थिएँ
अकस्मात ढल्यो सम्मानको भऱ्याङ पनि !

ठिक त्यसैबेला
मेरा प्रियजनहरू
मेरै रगतमासुको भागबन्डा लगाइरहेका थिए !
न्याय मरेपछि
शक्तिको खेल चल्दो रहेछ
साँच्चै कठिन हुँदो रहेछ आमा !
खोक्रो अस्थिपञ्जर टिकाइराख्न !

# पृथ्वीनारायण शाहको जीवनी र दिव्योपदेश

काठमाडौँ । नेपाल एकीकरण अभियानका नायक पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी र दिव्योपदेशको हिन्दी अनुवाद सार्वजनिक भएको छ । पृथ्वीनारायण शाहको ३०१औँ जन्मजयन्तीका अवसरमा श्रीपाली बस्न्यात समाजले आज यहाँ आयोजना गरेको कार्यक्रममा अनुवाद गरिएको पुस्तक ‘महाराजा पृथ्वीनारायण शाह की सङ्क्षिप्त जीवनी और उनके उपदेश’ विमोचन गरिएको हो । पूर्वराजदूत निरञ्जनमानसिंह बस्न्यातले अङ्ग्रेजीमा लेख्नुभएको पुस्तक हिन्दीमा अनुवाद गरिएको हो । हिन्दी अनुवाद प्रीतिमा वत्सले गर्नुभएको हो ।

यो पुस्तक यसअघि स्पेनिस, फ्रेन्च भाषामा अनुवाद भइसकेको छ । पुस्तक चिनियाँ भाषामा पनि अनुवादको तयारी भएको जनाइएको छ । पुस्तक विमोचन गर्नुहुँदै नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वनिमित्त कुलपति डा जगमान गुरुङले खतरामा परेको नेपाल राष्ट्रलाई अघि बढाउन श्रीपाली बस्न्यात समाजको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

पृथ्वीनारायण शाहकालीन नेपालका पहिलो प्रधानसेनापति शिवरामसिंह बस्न्यातको निवासस्थानका रूपमा रहेको इन्द्रचोकस्थित तिलङ्गा भवनलाई जोगाएर स्मारक निर्माण गर्न पनि उहाँले श्रीपाली बस्न्यात समाजको ध्यानाकर्षण गराउनुभएको थियो ।

“दरबार हत्याकाण्डका बेला



तत्कालीन राजाका एडिसीका रूपमा रहनुभएका विनोद बस्नेतलाई बिदामा बस्नुस् भनिएको थियो भन्ने विवरण आएको छ, कसले यसो भनेको थियो ? यो खोजीको विषय छ, विनोद पनि श्रीपाली बस्न्यात हुनुहुन्थ्यो, उहाँ त्यो घटनामा हुनुभएको भए यो अवस्था नहुन सक्थ्यो भन्ने अनुमान पनि छ, यही घटनाले पनि दरबार हत्याकाण्ड नियोजित थियो भन्ने पुष्टि गर्छ”, डा गुरुङले भन्नुभयो । क्षत्री समाजमा पोसाक एवं विवाह संस्कारलगायतका खाँडो जगाउने संस्कृति हराउन थालेकाले त्यसको पुनर्जागरणका लागि पनि समाजले काम गर्नुपर्ने उहाँको भनाइ थियो । संस्कार र संस्कृति भुले पहिचान पनि भुल्ने भएकाले समाजले यस विषयमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ । इतिहासविद् प्रा दिनेशराज पन्तले पृथ्वीनारायण शाहका विषयमा लेखिएको प्रामाणिक पुस्तक भएकाले धेरै भाषामा अनुवाद भएको बताउनुभयो । पृथ्वीनारायणकै सन्ततिले उहाँको योगदानको सम्मान नगरेका बेला श्रीपाली बस्न्यात समाजले महत्त्वपूर्ण काम गरेको उहाँले सुनाउनुभयो ।

पूर्वपरराष्ट्र सचिव एवं पूर्वराजदूत मदनकुमार भट्टराईले नेपालको परराष्ट्र नीतिको मूलधार पृथ्वीनारायण शाहकै पालामा बनेको कार्यक्रममा जानकारी गराउनुभयो । पढेकाहरू अन्यत्रै लाग्दा नपढेका नेपालीले नेपाल बचाएको उहाँको भनाइ थियो । बाग्लुङका श्रीपाली बस्नेतहरू सार्वजनिक कार्यक्रममा सहप्राध्यापक डा विनोद थापाले लेख्नुभएको ‘बाग्लुङका श्रीपाली बस्नेतहरु’ पुस्तक पनि सार्वजनिक गरिएको छ । पुस्तक सेनानी थम्मनबहादुर बस्नेतको संयोजनमा प्रकाशन गरिएको हो । पुस्तकका विषयमा समीक्षा गर्नुहुँदै साहित्यकार एवं शिक्षासेवी मनबहादुर खत्रीले ब्राह्मण, क्षत्री र मगर मिलेर नेपाल एकीकरण गरेको विषय पुस्तकमा उल्लेख गरिएको बताउनुभयो । केही स्थानका नाममा अशुद्धि भेटिए पनि समग्रमा

बाँकी ६ पृष्ठमा

# संजय साई बाबाको ३५ जन्मोत्सवमा रक्तदान

काठमाडौं । आध्यात्मिक तथा धार्मिक जगतमा लाखौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साई भक्तहरूका अवतारको रुपमा परिचित श्री संजय साई बाबाको ३५ औं शुभ जन्मोत्सवको अवसरमा विविध सामाजिक तथा मानव सेवाका अभियानहरू सञ्चालन भइरहेका छन् । अभियानको १५औं दिनमा आईपुग्दा श्री संजय साई सेवा अर्गनाइजेसन नेपालले फ्रेश ब्लडको चरम अभाब भएको विशेष परीस्थितिलाई मध्यनजर गर्दै बृहत रक्तदान कार्यक्रम



सम्पन्न गरेको छ । संस्थाले बालकुमारी स्थित आफ्नै श्री संजय साई बृन्दाबन आश्रम परीसरमा शनिवार बृहत रक्तदान कार्यक्रम आयोजना गरेको हो । उक्त कार्यक्रममा १०८ जना साई भक्तहरूले रक्तदान गरेका थिए । सङ्कलन गरेको फ्रेस ब्लड नेपाल रेडक्रस सोसाईटी केन्द्रीय रक्त सन्चार केन्द्र कार्यालय लाई हस्तान्तरण गरिएको थियो । श्री संजय साइ बाबाको ३५औं शुभ जन्मोत्सवको पावन अवसरमा पुस १ गते देखि नै हरेक दिन बृहत ३५ दिने परोपकारी मानविय सेवामूलक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । बाबाको ३५ औं जन्मोत्सव माघ ६ गते शुक्रबार काठमाडौंको सानो गौचरन खेलकुद मैदानमा एक विशेष समारोहको आयोजनागरी मनाइदै छ। जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बिशिस्ट ब्यतित्वहरूको उपस्तिथिती रहने सस्थाका अध्यक्ष अम्बिर केसीले जानकारी गराउनु भएको ।

# ग्राण्ड आई १० निओसको फेसलिफ्ट मोडल सार्वजनिक

हुन्डाई मोटर्स इण्डियाले आफ्नो लोकप्रिय ह्याचव्याक कार ग्राण्ड आई१० निओसको फेसलिफ्ट मोडललाई सार्वजनिक गरेको छ। अटो एक्सपो शुरु हुनु २ दिन अगाडी सार्वजनिक भएको यो नयाँ मोडललाई पारिएको यो कारमा थुप्रै नयाँ फिचर थप गरिएको छ। यसको मेकानिकल पक्षमा भने कुनै परिवर्तन गरिएको छैन। यो नयाँ मोडललाई हुन्डाईले तीन भिन्न पावर ट्रेनमा उतारेको छ। यसको १.० लिटर टर्वो पेट्रोल भेरियन्ट ग्रिल दिइएको छ। एलइडी टेल लाइट र एलइडी डिआरएलले कारको लुक्समा निखार दिएको छ। यसमा १५ इन्चको एलोई ह्विल जडान गरिएको छ। यो कार ६ भिन्न कलर अप्सनमा उपलब्ध हुनेछ। फिनिस दिइएको छ। कारमा यसअघिकै ८ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट सिस्टमलाई निरन्तरता दिइएको छ भने रियर एसी भेन्ट, अटोमेटिक क्लाइमेट कन्ट्रोल, वायरलेसन चार्जर लगायत फिचर थप गरिएको छ।




कम्पनीले सो एक्सपोमा प्रदर्शन समेत गर्ने जनाएको छ। मूल्य सार्वजनिक नभए पनि कम्पनीले यसको वुकिङ भने खुल्ला गरेको छ।

स्ट्यान्डर्ड मोडलको एक्सटेरियरलाई रिफ्रेस गरेर तयार भने यसअघि नै वन्द भैसकेको छ।

यो नयाँ मोडलको एक्सटेरियरमा सवैभन्दा वढी परिमार्जन गरिएको छ। जसका कारण यो विल्कुलै नयाँ मोडल भएको भान हुन्छ। कारको फ्रन्ट वम्परमा व्ल्याक फिनिस सहितको ठूलो

यो कारको इन्टेरियरमा खासै परिमार्जन नगरिएपनि नयाँ फिचर भने पर्याप्त मात्रामा थप गरिएको छ। यसको सिटमा खैरो रङको अपहोलस्ट्रि, लेदर वेरिएको स्टेरिङ ह्विल, फुटवेलमा नयाँ लाइटिङ र डोर ह्यान्डलमा मेटल

सेफ्टि फिचरको कुरा गर्नुपर्दा यसका ४ वाट एयर व्याग एविएस तथा इविडीलाई सवै भेरियन्टमा अनिवार्य गरिएको छ भने टप भेरियन्टमा ६ वटासम्म एयर व्याग, इलेक्ट्रोनिक स्ट्याविलिटी कन्ट्रोल, आइएसओएफआइएक्स र रियर भ्यू मिररको अप्सन पाउन सकिन्छ।

# यामाहाले ल्यायो एरोक्समा आधारित अर्को नयाँ स्कुटर

काठमाडौं। जापनिज टु ह्विलर निर्माता यामाहाले १५५ सिसीमा अर्को नयाँ स्कुटर लन्च गरेको छ। भारतीय वजारमा हाल कारोवार भइरहेको एरोक्समा आधारित औगुर मोडललाई यामाहाले ताइवानमा लन्च गरेको हो। यो नयाँ स्कुटरमा एरोक्स १५५ को प्लेटफर्म शेयर गरिएको छ। स्कुटरको लुक्स र फिचर भने एरोक्सको तुलनामा भिन्न रहेको छ।



एरोक्सकै पावरट्रेन प्रयोग भएको कारण नयाँ स्कुटरले पनि १५ एचपी पावर र १३.९ एनएम टर्क जेनेरेट गर्ने आँकलन गरिएको छ। यद्यपी यसको पवार र पर्फमेन्सको विषयमा भने यामाहा ताइवानले कुनै जानकारी वाहिर ल्याएको छैन। यो नयाँ स्कुटरको तौल एरोक्सभन्दा ६ किलोले वढी छ भने ६.१ लिटरको ठूलो फ्युल ट्यांक दिइएको छ। जवकी एरोक्समा ५.५ लिटरको मात्रै फ्यूल ट्यांक रहेको छ। फिचरको मामलमा भने औगुर एरोक्सको तुलनामा निकै अगाडी रहेको जनाइएको छ। औगुरमा कावासाकी एच२ सुपरवाइकको जस्तै देखिने सेन्ट्रल एलइडी हेडल्याम्प दिइएको छ। साथै यसमा ४.३ इन्चको टिएफटी डिस्प्ले, व्लुतुथ कनेक्टिभिटी र किलेस इन्ट्रि सिस्टम उपलब्ध छ। सुरक्षित स्कुटरको पहिचान कायम गर्न यसमा ट्र्याक्सन कन्ट्रोल, एविएस र दुवै चक्कामा डिस्क व्रेक जडान गरिएको छ।

# भेन्यू फेसलिफ्टको वुकिङ खुल्ला, यस्तो छ तीन भेरियन्टको मूल्य

आयत प्रतिवन्धका कारण नेपाल आउन रोकिएको भेन्यू फेसलिफ्टको अन्तत विक्रेता कम्पनी लक्ष्मी नेपाल नआउने भएको छ। यो फेसलिफ्ट मोडलमा हुन्डाइले यसअघिकै पावरट्रेनलाई निरन्तरता कनेक्टिभिटी सहितको ६० भन्दा वढी कनेक्टेड फिचर उपलब्ध गराइएको छ। यसमा अमेजन एलेक्सा र गुगल




इन्टरकन्टिनेन्टल प्रालिले वुकिङ खूल्ला गरेको छ। कम्पनीले यसको ३ वटा भेरिएन्टको मूल्य सार्वजनिक गरेर वुकिङ लिन शुरु गरेको हो।

यो फेसलिफ्ट मोडल नेपाली बजारमा ई, एस र एसएक्स भेरिएन्टमा उपलब्ध हुने कम्पनी स्रोतको भनाई छ। जसको मूल्य क्रमश ३९ लाख ९६ हजार, ४५ लाख ९६ हजार र ५५ लाख ९६ हजार रुपैयाँ निर्धारण गरिएको उक्त स्रोतले नेपाल अटोलाई वतायो। यसअघि भेन्यू १.२ लिटर पेट्रोल र १.० लिटर टर्वो पेट्रोल पावरट्रेनमा उपलब्ध रहँदै आएकोमा फेसलिफ्ट मोडलको टर्वो भेरिएन्ट भने दिएर अपग्रेड गरेको हो। यसको लुक्स भने पुरानो मोडलको तुलनमा थप एग्रेसिभ वनेर आएको छ। हुन्डाईले यसको हेड लाईट एवं टेल लाइट र इन्स्ट्रयूमेन्ट क्लस्टरमा परिमार्जन गरेको छ भने ड्राइभिङ मोडलाई सेन्ट्रल कन्सोलमा रहेको डायलबाटै छनोट गर्न सकिने सुविधा दिएको छ। साथै यसको पछिल्लो रोमा वस्ने यात्रुको सुविधका लागी यसमा एड्जस्ट गर्न मिल्ने सिट र चालले आफ्नो सिटलाई इलेक्ट्रिक पावरको सायहताले सजिलै एड्जस्ट गर्न सक्नेछन्। पुरानै ८ इन्चको इन्फोटेन्मेन्ट सिस्टमले निरन्तरता पाएको यो नयाँ मोडलमा व्लुलिङ्क भोइस असिस्ट सहितको 'होम टु कार कनेक्टीभिटी' फिचर थप गरिएको छ।

# बजाज मोटर साइकलमा मूल्य वृद्धि

बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले १३ मोडलका मोटरसाइकलमा मूल्य बृद्धि गरेको छ। बजाजले ८ मोडलमा २ हजार र ५ मोडलमा १ हजार रुपैयाँका दरले मूल्य बढाएको हो। यसअघि मसिंर महिनामा पनि उसले ५ हजार रुपैयाँसम्मले मूल्य बृद्धि गरेको थियो।

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा घमला, ९८६१५८८४५६, ९८६९५२८१०८, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस